ISSN 3021-9876 (Print)

# 1fg Hof]lt :dfl/sf @)*!

GYAN JYOTI PERIODICAL 2026

## ज्ञान ज्योति सामुदायिक क्याम्पस

GYAN JYOTI COMMUNITY CAMPUS

# ज्ञान ज्योति स्मारिका

## २०८२

**सम्पादक मण्डल**

गणेश प्रसाद कट्टेल

महेश कुमार सुवेदी

नवराज घिमिरे

**भाषा सम्पादक**

महेश कुमार सुवेदी

नवराज घिमिरे

## ज्ञान ज्योति सामुदायिक क्याम्पस

| | | |
|---|---|---|
| कृति | : | **ज्ञान ज्योति स्मारिका** |
| प्रकाशक | : | ज्ञान ज्योति सामुदायिक क्याम्पस |
| | | |
| सर्वाधिकार | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | वि.सं. २०८२ |
| मुद्रण | : | ५०० प्रति |
| | | |
| कम्प्यूटर लेआउट | : | राज कुमार महर्जन |
| मुद्रक | : | ग्लोबल नेपाल प्रिन्टिङ्ग प्रेस सर्भिस प्रा.लि.<br>अनामनगर, काठमाडौं, फोन नं.: ४१०२७७२, ४१०२८२३ |
| | | |
| सम्पर्क ठेगाना | : | चम्पादेवी–६, घोराखोरी, ओखलढुङ्गा |
| फोन | : | ९८५१२२८३३३ |
| इमेल | : | gyanjyoti775@gmail.com |
| वेबसाइट | : | www.gyanjyoticampus.edu.np |

ISSN 3021-9876 (Print)

चम्पादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुङ्गा

स्था.-२०७३

कोशी प्रदेश, नेपाल

ने.स.११४५

प.स :- ०८१/०८२

च.नं:-



# शुभकामना

ओखलढुङ्गा जिल्ला चम्पादेवी गाउँपालिका वडा न. ६ मा रहेको ज्ञान ज्योती सामुदायिक क्याम्पसले विविध क्षेत्रका विद्धवान, राजनैतिक क्षेत्रका व्यक्तित्वहरुको लेख रचना सहित क्याम्पसको शैक्षिक, भौतिक तथा आर्थिक सामाजिक गतिविधि समेटेर *शैक्षिक स्मारिका* प्रकाशन गर्न लागेको हुदाँ क्याम्पस संचालक समितिका अध्यक्ष धन बहादुर गिरि, संचालक समितिका सदस्यहरु लागाएत क्याम्पस प्रशासनलाई हार्दिक आभार सहित उक्त प्रकाशनले क्याम्पसको सम्पूर्ण गतिविधि सम्वन्धित सरोकारवालाहरुलाई सुसचित हुने अवसर प्राप्त भएकाले मलाई गर्भ लागेको छ ।

यस स्मारिकाले क्याम्पसको विगतलाई टल्काउने, वर्तमानलाई चम्काउने र भविष्यलाई ज्योतिमय बनाउने उज्यालो प्रकाश पुञ्जको रुपमा सफलता हासिल गरोस् र कुनै आरोह,अवरोह अथवा व्यवधानले यस क्याम्पसको छविमा आँच नपुगोस् भन्ने शुभकामना सहित क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नवराज के.सी.

अध्यक्ष

चम्पादेवी गाउँपालिका

कालिका,ओखलढुङ्गा

चम्पादेवी गाउँपालिका
६ नं. वडा कार्यालय
घोराखोरी, ओखलढुंगा

कोशी प्रदेश, नेपाल
मिति : २०८१।

# शुभकामना

शैक्षिक उन्नयनको मेरुदण्डको रुपमा रहेको ज्ञान ज्योति सामुदायिक क्याम्पस चम्पादेवी गाउपालिका भित्रको एकमात्र उच्चस्तरीय प्राज्ञिक थलो हो । २०६५ सालमा स्थापित यस क्याम्पसले स्थापना कालदेखि हालसम्म पुऱ्याउदै आएको शैक्षिक तथा बौद्धिक योगदानको हृदय देखि नै उच्च मूल्याङ्कन गर्दे प्रकाशोन्मुख ज्ञान ज्योति स्मारिका २०८२ को प्रकाशनार्थ लेख रचना सङ्कलनको काममा निरन्तर रुपमा खट्नु हुने सम्पूर्ण शिक्षक मित्रहरु एवम् लेख रचना पठाएर महत्वपूर्ण सहयोग पुऱ्याउन हुने सम्पूर्ण बौद्धिक व्यक्तित्व, नागरिक समाज अभिभावक शिक्षाप्रेमी एवम् राजनीतिक व्यक्तित्व सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा प्रकाशन हुन लागेको यो स्मारिका शैक्षिक उत्थान एवम् सम्बृद्धिको जगमा महत्वपूर्ण दस्तावेज सावित हुन सकोस् भन्ने सदिक्षा सहित आगामी दिनमा यस क्याम्पसको उत्तरोत्तर प्रगतीको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

**गणेश के.सी.**
**वडा अध्यक्ष**
**चम्पादेवी-६ ओखलढुंगा**

# शुभकामना


धन बहादुर गिरी

पूर्वी पहाडी जिल्ला ओखल्ढुङ्गाको चम्पादेवी गाउँपालिकामा मिति २०६६ सालमा स्थापना भई हालसम्म १६ वर्ष पार गरेर १७ वर्षमा प्रवेश गरेको यस ज्ञान ज्योति सामुदायिक क्यम्पसले यस क्षेत्रको शिक्षाको स्तर वृद्धि गर्न अत्यान्तै ठूलो योगदान पुऱ्याएको छ । हाम्रो अत्यन्त दुर्गम पहाडी भूभागमा रहेका आदिवासी, जनजाति, दलित, पिछडावर्ग, अपाङ्ग जो सहरसम्म पुगेर उच्च शिक्षा हासिल गर्न नसक्ने वर्गहरुका लागि यस क्याम्पसले उच्च शिक्षा हासिल गर्न अवसर प्रदान गरेको छ ।

यस क्याम्पसलाई स्थापना गर्न मन, वचन र कर्मले आफ्नो अमूल्य समय दिएर लाग्नु हुने श्री राजेश थापाज्यूको तदर्थ समिति, क्याम्पस प्रमुख प्रध्यापकज्यूहरु, चन्दादाता, जनप्रतिनिधि, समाजसेवी, उद्यमी, व्यावसाही, राजनीतिक दल, अविभावक, विद्यार्थीहरु सम्पूर्णमा धन्यवादका साथै आभार व्यक्त गर्दछु । क्याम्पसलाई आजको अवस्थासम्म ल्याउन १३ रोपनी जग्गा निशुल्क उपलब्ध गराउनु हुने श्री खड्ग बहादुर कार्की र उहाँको समिति लगाएत सम्पूर्णमा धन्यवादका साथ आभार व्यक्त गर्दछु ।

मिति २०८१।०३।०३ मा भएको क्याम्पस सभाबाट मलाई यस क्याम्पसको सञ्चालक समिति अध्यक्ष साथै मेरो सञ्चालक समिति टिमलाई अमूल्य मत दिई विजय गराउनु हुने सम्पूर्ण क्याम्पस सभाका सदस्य ज्यूहरुलाई धन्यवादका साथ आभार व्यक्त गर्दछु । मेरो नेतृत्वमा भएको क्याम्पस सञ्चालक समितिले यस क्याम्पसमा तपाईंहरुको विश्वासलाई इमान्दारितापूर्वक यस क्याम्पसको स्तरोन्नति र प्रगतिको लागि यस टिमलाई सहयोग गर्नु हुने गाउँपालिका, वडा कार्यलय, क्याम्पस प्रमुख, प्रध्यापकज्युहरु, विद्यालय व्यावस्थापन समिति, समाजसेवी, उद्यमी, व्यावसायी, अभिभावक, विद्यार्थी सम्पूर्णमा धन्यवादका साथ आभार व्याक्त गर्दछु । आउँदा दिनहरुमा यस क्याम्पसको भवन निर्माण र स्तरोन्नतिमा थप सहयोको निरन्तरताको लागि अनुरोध पनि गर्दछु ।

हाम्रो जस्तो दुर्गम भेगमा स्थापना भई चलिरहेका समुदायिक क्याम्पसहरुको भौतिक पूर्वाधार निर्माण, प्रध्यापक, सञ्चालक समिति, विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न, समय अनुकूलन प्रविधिमैत्री बनाउन, गाउँका कुना कन्दरामा रहेका प्रतिभाहरुलाई संकलन गर्दै स्मारिका वनाउने, विभिन्न माध्यमबाट सहयोग गर्ने, त्रि.वि. अनुदान आयोग र क्याम्पसका हरेक समस्याहरुमा सहयोग गर्ने गाउँपालिका, वडा कार्यलयलाई धन्यवादका साथै आभार व्यक्त गर्दछु । यस क्याम्पसको त्रि. वि. प्रतिनिधि तथा यस वर्षको Equity grants अन्तर्गत Capacity Building कार्यक्रमको संयोजक सह प्रध्यापक आदरणिय गुरु विष्णुबहादुर लुइटेल लगाएत सम्पूर्ण टिमलाई सहृदय धन्यवाद व्यक्त गर्दछु ।

हामी यस क्याम्पसको सञ्चालक समितिमा आएपछि यस क्याम्पसको स्तरोन्नतिका लागि पुस्तकालयको व्यावस्थापन गरी यस क्याम्पसमा नियमित रुपमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निःशुल्क पुस्तक उपलब्ध गराउने, कम्प्युटरको बेसिक कोर्स सिकाउने, अनलाइन कक्षा संचालन गर्ने, गरिब विपन्न विद्यार्थीहरुलाई निःशुल्क पढाउने व्यवस्था मिलाएको छौं । लामो समयदेखि क्याम्पसको आफ्नो भवन

बनाउने जग्गा नभाएर विद्यालयको भवनमा कक्षा सञ्चालन रहकोमा हाम्रो पहलमा क्याम्पसलाई ५ रोपनि २ आना जग्गा निःशुल्क उपलब्ध गराई सकेका छौं ।

यस क्याम्पसलाई स्थापना कालदेखि आजसम्म क्याम्पस सञ्चालन गर्न भवन उपलब्ध गराउने यस ज्ञान प्रकाश मा.वि. परिवार, विद्यालय व्यावस्थापन समिति लगाएत सम्पूर्णमा धन्यवादका साथ आभार व्याक्त गर्दछु । क्याम्पसलाई निःशुल्क जग्गा दान गर्ने श्री सन्दिप खड्का, अशोक खड्का, दुर्गा खड्का, अनिता खड्का र गंगा खड्कालाई धन्यवादका साथै आभार व्यक्त गर्दछु । म आफैले यस क्याम्पसलाई रु. ५,००,००० बरावरको जग्गा किनिदिन पाएकोमा आफूलाई गौरवान्वित ठान्दछु साथै यस क्याम्पसको भवन निर्माणको लागि गाउँपालिका, वाडा कार्यलय, समाज सेवी बुद्धिजीवी, व्यापारी, उद्यमी, व्यवसायी, अविभावक पूर्वविद्यार्थी, लगायत सम्पूर्ण जनहरुसंग सहयोगको अपेक्षाका साथ अनुरोध गर्दछु ।

**धन बहादुर गिरी**
**क्याम्पस संचालक समिति**
**अध्यक्ष**

# प्रकाशकीय

ओखलढुंगा जिल्लाको सदरमुकामबाट करिव ३६ कि. मि. पश्चिम भाग चम्पादेवी गा.पा. वाड नं. ६ घोराखोरीमा उच्च शिक्षाको स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गरी आजको जटिल विश्वको विविध समस्यहरूसँग जुन सक्ने सक्षम जनशक्ति निर्माणको निम्ति समयसापक्ष गुणात्मक र व्यवहारिक शिक्षा प्रदान गर्ने लक्ष्य लिई जनताको सहभागिता र जनसमुदायकै सहयोगमा श्री ज्ञान प्रकाश मा.वि. को पृष्ठभूमिमा रहेर यस ज्ञान ज्योति सामुदायिक क्याम्पसको स्थापना भएको हो । त्रि.वि. शिक्षाशास्त्र संकायबाट वि.सं. २०६५ साल माघ १३ गते सम्बन्धन लिई विधिवत् रूपमा तत्कालिन अर्थमन्त्रीबाट वि.सं. २०६५ साल फागुन २९ गते यस क्याम्पसको उद्घाटन भएको थियो । यो क्याम्पस यस भेगको उच्च शिक्षा विकासको कोशेढुंगा सावित भएको छ ।

त्रि.वि मापदण्ड पूरा गर्नु पर्ने र भौगोलिक विकटता, संचालनका लागि आर्थिक रूपले पिछडिएका समुदायबाट व्यवस्थापन गनुपर्ने जस्ता विषयहरू यसका कठिनाईहरू थिए । यस परिस्थितिमा पूर्ण सामुदायिक सेवामूलक दुर्गम ग्रामीण स्तर तथा समुदायको प्रयासमा सञ्चालित यस क्याम्पसले प्रत्यक्ष रूपमायस भेगका चम्पादेवी, लिखु र सुनकोशी गा.पा. लगायतका क्षेत्रहरूका विद्यालय शिक्षा (कक्षा १२) पूरा गरेका विद्यार्थी तथा शहरी र महँगो क्याम्पसमा पढ्न तथा अध्ययन गर्न आर्थिक पहुँच नभएका विद्यार्थीहरूलाई शिक्षाशास्त्र संकाय अन्तर्गतको स्नातक तहको उच्च शिक्षा घरदैलोमा उपलब्ध गराउँदै आएको छ । विशेषगरी यस भेगका बिपन्न वर्ग, दलित, छोरी, बुहारी, जनजाति आदिलाई छात्रवृत्तिसमेत प्रदान गरी उच्च शिक्षा उपलब्ध गराउँदै आएको यहाँहरूलाई सर्वसवदितै छ । यस गरिमामय घडीमा यस क्याम्पसको स्थापना कालदेखि निरन्तर आफ्नो सक्रिय योगदान र उत्प्रेरणा प्रदान गर्नुहुने हाम्रा अग्रज, समाजसेवी, शिक्षाप्रमी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यस क्याम्पसले स्थापना कालदेखि नै निरन्तर रूपमाविभिन्न चुनौतिहरू सामना गर्दै आइरहेको कुरा यहाँहरुलाई अवगतै छ । भौतिक रूपमासम्पन्न हुनका लागि आर्थिक हैसियत सवल हुनु पर्छ जुन यसको प्रमुख चुनौति हो । तसर्थ यस घडीमा सबै चुनौतिहरूको सामना गदै क्याम्पसको भौतिक, आर्थिक, शैक्षिक विकासको निमित्त यहाँहरूको अमूल्य साथ र सहयोगको अपेक्षा गर्दछौं ।

यो स्मारिका शैक्षिक स्मारिका हो । यसमा मुलत शिक्षाका नीतिगत विषय, कार्यक्रम, व्यवहार र असल अभ्याससँग सम्बन्धित विषयका लेखरचनालाई प्राथमिकता दिइएको छ । यसमा समावेश हुने विचार र विश्लेषण वैयक्तिक हुने भए पनि शैक्षिक सरोकारका बिषयमै केन्द्रित रहेका छन् । लेख र चनामा प्रस्तुत विचार कार्यक्रम तर्जुमा तथा सुधार, अनुगमन तथा मूल्याङूकन र पृष्ठपोषण प्राप्तिमा पनि सहयोगी बन्न सक्छन् । यही उद्देश्यले यस स्मारिकामा तालिम र पेसागत विकास, पाठ्यठ्यक्रम र मूल्याङ्कन, प्राविधिक शिक्षा र वैदेशिक अध्ययन, शैक्षिक व्यवस्थापन र योजना, शैक्षिक सुशासन र लोकतन्त्र, अनौपचारिक तथा रैथाने शिक्षा, प्रारम्भिक बालविकास र अभिभावक शिक्षा तथा पठन संस्कृति जस्ता विषय क्षेत्रमा मौलिक लेख रचना समावेश गरिएको छ । शिक्षा क्षेत्रको नीति तथा

योजना तर्जुमा र कार्यान्ववनमा संलग्न शिक्षा क्षेत्रका जिज्ञासु पाठकवर्गका लागि यो सामग्री उपयोगी हुने अपेक्षा गरिएको छ ।

यस क्याम्पसको अनुरोधमा समतामा आधारित अनुदान (Equity Grants) उपलब्ध गराएकोमा विश्वविद्यालय अनुदान आयोगप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौ । विशेष गरि Equity Grants का बिभिन्न प्रोटोकलको बारेमा पटक पटक जानकारी प्रदान गरिदिनु हुने विश्वविद्यालय अनुदान आयोगका सहायक निर्देशक विश्वास ढकालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यस क्याम्पसको स्मारिका प्रकाशनमा आवश्यक सल्लाह सुझाव प्रदान गरी प्रकाशन तथा भाषा सम्पादन कार्यमा सहयोग गर्नु हुने सम्पादन मण्डल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ । त्यसै गरी यस क्याम्पसको स्मारिका प्रकाशनको लागि आफ्ना बिषयगत तथा सिर्जनात्मक लेखरचनाहरू उपलब्ध गराउनु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यस्तै यस स्मारिका प्रकाशनको लागि लेख रचना संकलनमा विशेष गरि खट्नु हुने मित्र महेश कुमार सुवेदी लगायत क्याम्पसका सम्पुर्ण स्टाफ एवं कर्मचारी लगायत स्मारिका प्रकाशन तथा प्रकाशनका कामहरू सक्रिय ढङ्गले गनुपर्छ भनि प्रेरणा प्रदान गरि आबश्यक निर्णयहरू गरि सहजीकरण गरिदिनु भएकोमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष लगायत सम्पुर्ण सदस्यहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसका साथै सम्पादक मण्डल लगायत यस प्रकाशनमा सम्लग्न सबै प्रति विशेष धन्यवाद छ । यस प्रकाशनलाई अझ उपयोगी बनाउन ज्ञान ज्योति सामुदायिक क्याम्पस सधैं नै रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

**गणेश प्रसाद कट्टेल**
**निमित्त क्याम्पस प्रमुख**

# सम्पादकीय

आवश्यकता नै आविष्कारको जननी हो । त्यसो नहुँदो हो त मानव आजको विज्ञान र प्रविधिको चमत्कारसँग नजिकिन सायदै सजिलो हुन्थ्यो होला । यस विलक्षण परीवर्तनको मूल कडीको रुपमा हामी शिक्षाको चेतना र जनजागरणको अद्वितीया भुमिका छ। शिक्षा नै सभ्यताको मूल मन्त्र हो। जुन चाहे अनौपचारिक तवरबाट आर्जित होस् यात औपचारिक नै ।

औपचारिक रुपमा विद्यालय शिक्षाको विकास तथा प्रबर्द्धन हुदै गर्दा मानवीय आकांक्षा र आवश्यकता यति मात्रमा सिमित रहन सके न फलस्वरूप उच्च स्तरीय हुदै विश्वविद्यालय शिक्षाले गतिशिलता पाउदै गएको हो । ज्ञानको आलोक छर्ने यस पावन ससर्गमा विश्वविद्यालयहरू स्थापना भएका हुन । शहरी भागमा मात्र विशेषत केन्द्रीत विश्वविद्यालयहरू मात्रले जथोचित रुपमा ग्रामिण भेगको प्रतिनिधित्व नगरेको हुदा आर्थिक रुपमा विपन्न ग्रामिण क्षेत्रका अभिभावकहरूको शैक्षिक धरातललाई वुजिल्याउने अठोट सहित सामुदायिक क्याम्पसहरू संचालित छन् ।

युगकवि शिद्धिचरण श्रेष्ठ जस्ता सिहस्त साहित्यिक अनुरागीहरू जन्माएको ओखलढुंगा जिल्लामा हाल संचालित ९ वटा सामुदायिक क्याम्पसहरू ममध्ये चम्पादेवी गाउँपालिका वडा नं. ६ स्थित ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी यस पालिकाकै एक मात्र सामुदायिक क्याम्पस तथा उच्चस्तरिय प्राज्ञिक थलो हो। विश्वविद्यालय अनुदान आयोगको समतामा आधारित अनुदानक लागि प्रस्ताव छनोट भइ हाम्रो क्याम्पस उक्त कायक्रममा सुचिकृत भए पश्चात हामी क्याम्पसमा अध्यापनरत सहकर्मि साथीहरू स्मारिका प्रकाशनको कार्यक्रम पूर्ण लगनशिलताका साथ विगत दुई तीन महिना देखि क्रियाशिल रहेको कुरा विदितै छ । स्वाभाबैले एक हजार माईलको यात्रा पनि पहिलो पाईलाबाट नै सुरू हुने गर्दछ। यस रचना लेखन एवम संकलनको यात्रामा केही सहजतासगैं निकै चुनौतिहरू पनि रहे नै। हामीलाई विभिन्न लेख रचनाहरू उपलब्ध गराउनु हुने सम्पुर्ण सहदृयी मनहरू प्रति सम्पादक मण्डलको तर्फवाट हार्दिक आभार तथा कृतज्ञता व्याक्त गर्न चाहन्छौ ।

भाषा सगँ जोडिएर आउने कुरा विद्या हो। नेपाली साहित्यमा लेख्ने, पढ्ने र प्रकाशन गर्ने यो त्रिगाण परम्परा हिजो भन्दा आज अझ समुन्नत, उर्जाशिल एवं सहयोगितामुलक छ। ज्ञान ज्योति सामुदायिक क्याम्पस त्यही आधारमा उभिएको गतिशिल सस्था हो । सम्पुर्ण शिक्षाप्रेमी महानुभावहरु एवं प्यारा विद्यार्थी भाई बहिनीहरू जसले आफ्ना अमूल्य लेख रचना मार्फत हाम्रो स्मारिकामा फूलबुट्टा भर्ने काम हातेमालो गर्नु भयो सम्पुर्णमा करोडौ कोटी साघुवाद छ ।

यस स्मारिकामा प्राप्त लेखरचनाहरुलाई भाषिक माध्यमका हिसावले दुइ खण्डमा मूल बिभाजन गर्दै प्रत्येक खण्डलाई पुनः ४/४ उपखण्डहरुमा बगीकरण गरिएको छ जसअनुसार बिषयगत अनुसन्धानमुलक लेख, बिषयगत साधारण लेख, सिर्जनात्मक लेखरचना र विविध सामाग्री रहेका छन् । ती लेखरचनाहरुलाइ हाम्रो सुबिधाको लागि लेखकको पहिलो नामको वर्नानुक्रममा राखिएको छ । यस क्रममा केही कुरा तलमाथि भइ त्रुटी हुन गएको भए क्षमा प्रार्थी छौं ।

अनेक शैली र प्रस्तुती, संस्कृतिक, धार्मिक र राजनीतिक नीधिको विश्लेषण तथा पटाक्षेप, भाषिक, अन्तर्लय र लेखकीय दक्षताका थुप्रै चरणहरूले समेटिएका लेख रचनाहरू प्रति हामी कृतज्ञ छौ, ऋणी छौ । देशभित्र बाट मात्र नभई देश वाहिरवाट समेत सप्रेम आफ्ना रचनाहरू हाम सम्म ल्याई पुर्याउन लागि पर्नु हुने मित्रहरू प्रति आभारी छौं । यस अथक यात्रामा मन वचन र कर्मले समर्पित श्रदेय अग्रज प्राज्ञिक व्याक्तित्व प्रा।डा. भूप प्रसाद धमला जसले पुष्पगुच्छा रुपी अक्षर शिल्पलाई माला रूपी हरफहरूमा उनेर पुस्तकको कलेवर सजाउन हर पल लागि परिरहनु भयो उहाँप्रति हाम्र आभारी छौं । आशा छ हामी सवैको उच्च मेहनत र लगनशीलताको प्रतिफल यो स्मारिका क्याम्पसको आगामी दिनका लागि एक महत्वपूर्ण ऐतिहासिक दस्तावेजको स्पमा अभिलेखकृत हुनेछ भन्ने हाम्रो अटल बिश्वास छ ।

अन्त्यमा यस स्मारिकाको कम्प्युटर सेटिंग गरिदिने तथा मुद्रण कार्य गर्ने प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**महेश कुमार सुबेदी**
**सहायक क्याम्पस प्रमुख**

# विषय सूचि


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| **नेपाली खण्ड** | | |
| अनुसन्धान, प्रस्तावना र शिक्षा विकास | विष्णु बहादुर लुईटेल | १ |
| सामुदायिक क्याम्पस र गुणस्तरीय शिक्षाः चुनौती र सम्भावना | गणेशप्रसाद कट्टेल | १६ |
| नेपालमा उद्योग र औद्योगिकरणको विकासक्रमः एक सिंहवालोकन | कमल बदहुर खड्का | २० |
| ज्ञान ज्योति क्याम्पसको इतिहास र भविष्यको बाटो | रमेश कार्की | २४ |
| कविताः प्रेरणा | आकृती न्यौपाने | २६ |
| आफ्नै बासँग | प्रोल्लास सिन्धुलीय | २७ |
| बुबा आमा | मनिका न्यौपाने | २८ |
| मेरो बाल्यकाल | सबिन न्यौपाने | २९ |
| किशोरावस्थामा हुने परिवर्तन (शारीरिक, मानसिक, भावनात्मक, सामाजिक) | मोनहबहादुर थापा | ३१ |
| याद जन्मभूमिको | लोक राज ढुंगाना | ३४ |
| बुख्याचा देशप्रेम | विरेन्द्र ग्याबा तामाङ | ३५ |
| साहित्य सिर्जनामा मानव र एआइ बीचको प्रतिस्पर्धाले समग्र नेपाली साहितयमा पार्ने प्रभाव | नबराज घिमिरे | ३६ |
| नेपाल राजनैतिक दलहरुको मूल्याङ्कनका आधारहरु | मिनराज पौडेल | ४२ |
| **English Section** | | |
| Simple Tactics for Superb Relationships | Dipak Khadka | ५५ |
| A Book Review on "On Education" by Jiddu Krishnamurti | Rabina Kumari Bohara | ५६ |
| Secondary Level English Language Teacher's Professional Development: Perception and Practices | Mohan Bahadur Dhanuk | ६१ |
| A Book Review on F.Scoot Fitzgerald's novel *The Great Gatsby* | Mahesh Kumar Subedi | ६६ |
| The Use of Specific Language in Political Literature | Dharm Singh Madai | ६८ |
| **विविध (क्याम्पसको वार्षिक प्रतिवेदन)** | | |
| सोह्रौं क्याम्पस सभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन | | ७५ |

# नेपाली खण्ड

# अनुसन्धान, प्रस्तावना र शिक्षा विकास



**विष्णु बहादुर लुईटेल**
**सह-प्राध्यापक**
**शिक्षाशास्त्र केन्द्रीय**
**अर्थशास्त्र विभाग**
**त्रि.वि., कीर्तिपुर**

## १. विषय प्रवेश

नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य नै अनुसन्धान हो (रेडमेन एण्ड मोरी, १९२३) का अनुसार अनुसन्धान भनेको नयाँ ज्ञान प्राप्त गर्ने माध्यम हो । पहिले नै थाहा पाइसकेका वा जानकारी भएको विषय अनुसन्धान (Research) गर्न आवश्यक हुँदैन । यदि यस्ता विषयवस्तुमा अनुसन्धान गर्नुपर्ने भएमा अध्ययन कर्ताले प्राप्त गर्न नसकेका तथ्य र प्रमाणहरूको खोज गहन ढंगबाट गर्ने गरिन्छ । यसलाई ज्ञानको शास्त्रमा नयाँ तथ्यको माध्यमबाट थप टेवा पुऱ्याउने विषयवस्तु मान्न सकिन्छ । उद्देश्य हासिल गर्न र समस्याको समाधान गर्ने उद्देश्यबाट गरिने ज्ञानको खोजी नै यथार्थमा अनुसन्धान हो ।

शिक्षाको क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन गर्न वैज्ञानिक विधिहरूको उपयोग गर्नु नै शैक्षिक अनुसन्धान हो । सबै किसिमका अनुसन्धानहरूको उद्देश्य व्यवहारिक जीवनका समस्याहरूको समाधान गरी मानिसलाई समृद्ध एवं गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउनु हो । गुणस्तरीय शिक्षा प्रदान गरी सिकारु समाज र राष्ट्रको उच्चतम विकास गर्न सर्वप्रथम शिक्षा प्रणालीमा निहित विभिन्न समस्याहरूको निदान गरी यस्ता समस्याहरूलाई समाधान गर्ने उपाय खोजी गर्नुपर्दछ । यसका लागि अनुसन्धानको आवश्यकता पर्दछ ।

शैक्षिक कार्यक्रमको सफलता शिक्षण संस्थामा कार्यरत शिक्षकहरूको दक्षता, पाठ्यक्रमको सान्दर्भिकता, छनौट गरिएका शिक्षण विधि र शैक्षिक सामग्रीहरूको उपयुक्तता, भौतिक पूर्वाधारको अवस्था शैक्षिक प्रशासनको चुस्तता र मूल्याङ्कन पद्धतिको प्रभावकारिता जस्ता कुराहरुमा निर्भर हुन्छ । यस्ता विविध पक्षहरुलाई सुधार गरी शैक्षिक कार्यक्रमका उद्देश्य प्राप्त गर्नका लागि अनुसन्धान (research) अपरिहार्य छ । अनुसन्धानले शिक्षा क्षेत्रमा देखिएका समस्याहरूको निदान गर्न समस्याहरूलाई समाधान गर्ने उचित उपायहरू पत्ता लगाउन र शिक्षाको क्षेत्रमा नयाँ तथ्य एवं सिद्धान्तहरू प्रतिपादन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । तसर्थ

(Education research is the formal of and systematic application of the scientific method to study the education problem) शैक्षिक समस्याहरूको अध्ययन गर्न वैज्ञानिक विधिको औपचारिक र व्यवस्थित तवरले प्रयोग नै शैक्षिक अनुसन्धान हो ।

## शिक्षामा अनुसन्धानका प्रयोजनहरू (Purpose of Research Education)

आजको विश्व सूचना प्रविधि र डिजिटल युगमा प्रवेश गरि प्रयोगमा तल्लिन छ । शिक्षालाई परिवर्तित परिवर्तनसँग एकाकार गर्न र नविनतम खोजमा समाविष्ट गर्न सकिएन भने शिक्षा जीवन उपयोगी

बन्न सक्दैन तसर्थ विद्यमान शिक्षा प्रणालीमा समय सापेक्ष सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न र शैक्षिक क्षेत्रमा नयाँ तथ्य एवं सिद्धान्तहरू प्रतिपादन गरी शैक्षिक कार्यक्रमलाई आजको युग सुहाउँदो बनाउन अनुसन्धानको आवश्यकता पर्दछ ।

समृद्ध समाज र आदर्श राज्यको निर्माण गर्न शिक्षा प्रणालीका प्रत्येक अङ्गहरूले यथोचित ढंगले काम गर्नुपर्दछ जसको लागि शिक्षक, पाठ्यक्रम, शिक्षण विधि शैक्षिक सामग्री मूल्याङ्कनका उपयुक्त साधन र तरिकाको बारेमा निर्णय गर्न र राष्ट्र अनुकूलको शिक्षा नीति निर्माण गर्न अनुसन्धान अपरिहार्य छ । अनुसन्धानको अनुपस्थितिमा शिक्षा प्रणालीका आवश्यकता र समस्याहरूलाई निदान गर्न सकिँदैन । यस्ता आवश्यकता र समस्याहरूका निदान नगरिकन समस्या समाधानका उपायहरु पत्ता लगाउन सकिँदैन तसर्थ शिक्षा प्रणालीमा विद्यमान समस्याहरु पत्ता लगाउन सुधारका उपायहरु खोजी गर्न निर न्तर अनुसन्धान आवश्यक छ । यी विविध कुरासँगै अनुसन्धानका प्रयोजनलाई निम्नानुसार उल्लेख गरिएको छ ।

उपयुक्त शैक्षिक नीति निर्माण गर्न,
- सान्दर्भिक पाठ्यक्रमको निर्माण गर्न,
- शैक्षिक प्रशासन सुधार गर्न,
- सिद्धान्त विकास तथा सुधार गर्न,
- विकास गरिएका सिद्धान्तहरूको प्रयोग गरी शैक्षिक समस्या हल गर्न,
- शिक्षकहरूको शिक्षण सिपमा सुधार गर्न,
- शिक्षा क्षेत्रमा शैक्षिक प्रविधिको प्रयोग गर्न,
- मूल्याङ्कनका उचित साधन र तरिकाको निर्धारण गर्न

**अनुसन्धानका प्रकार** (Types of Research)

सामाजिक अनुसन्धानले समाज विज्ञानका विविध पक्षहरू ओगटेको हुन्छ तसर्थ विषयवस्तुको प्रकृति, उद्देश्य र प्रस्तुतिकरण गर्ने शैलीको आधारमा सामाजिक अनुसन्धान विभिन्न भागमा वर्गीकृत हुने गर्दछ जसलाई निम्नअनुसार उल्लेख गरिन्छ ।

- मौलिक अनुसन्धान (Basic Research) (सैद्धान्तिक उद्देश्य पूरा गर्ने)
- व्यवहारिक अनुसन्धान (Applied Research)
- वर्णनात्मक अनुसन्धान (Descriptive Research)
- सर्वेक्षण पद्धतिबाट तथ्याङ्क सङ्कलन (Data Collection Using Survey Method)
- परिमाणात्मक अनुसन्धान (Quantitative Research)
- गुणात्मक अनुसन्धान (Qualitative Research) (मानवका सोच, धारणा विचार भावना र मनो विज्ञान)
- विश्लेषणात्मक अनुसन्धान (Analytical Research) (दर्शनको क्षेत्रमा)




**अनुभव सिद्ध अनुसन्धान (Empirical Research)**

- अन्य प्रकारका अनुसन्धानहरू (one time research, longitudinal, field setting research, laboratory research, action research, conclusion oriented research)

अनुसन्धान पद्धति भन्नाले अनुसन्धान पूरा गर्न अवलम्बन गर्ने नियम, तौर तरिकालाई बुझाउँछ । जसलाई अनुसन्धान विधि वा पद्धति (research methodology) पनि भनिन्छ । विषय छनोट गर्नु, स्वरूप एकिन गर्नु, तथ्याङ्कको प्रकृति निर्णय गर्नु र तथ्याङ्क प्रक्रिया छनौट गर्नु यसै भित्र पर्दछ। सामान्य प्रक्रिया चाहिँ सबै खाले अनुसन्धानमा प्राय एकै हुने गर्दछ तर तथ्याङ्कको प्रकृति फरक पर्दा तिनीहरूको संकलन र विश्लेषण गर्ने विधि फरक पर्न सक्छ। यसमा दुईवटा अनुसन्धान विधि उल्लेख गरिन्छ ।

- सामाजिक अनुसन्धान पद्धति (Social Research Method)
- वैज्ञानिक समाजिक अनुसन्धान पद्धति (Scientific Research Method) यस अन्तर्गत निम्न विधिहरू पनि प्रयोगमा आएका छन् जुन यस प्रकार छन् ।
- अन्तर सांस्कृतिक विधि (Cross Cultural Method)
- तुलनात्मक विधि (Comparative Method) (प्रमुख विधि सामाजिक अनुसन्धानको)
- दीर्घकालीन विधि (Longitudinal Method)
- वंशावली अध्ययन विधि (Genealogy Study Method)
- संरचनात्मक विधि (Structural Method)
- प्रकार्यात्मक विधि (Functional Method)
- पुस्तकालय विधि (Library Method)

**अनुसन्धान ढाँचा** (**Research Design**)

अनुसन्धानको लागि तयार पारिने योजना र पूर्वनिर्धारित स्वरूपलाई अनुसन्धान ढाँचा (Research Design) भनिन्छ । यसलाई अनुसन्धानको विस्तृत योजनाको रूपमा लिने गरिन्छ । "Research

design is a plan that shows how a research intense to feel the goal of purpose study" (J.B. Johnson and R.A. Joslyn, १९८९) उनीहरूका अनुसार अनुसन्धानकर्ताको त्यस्तो योजना उनीहरूको प्रस्तावित अनुसन्धानको उद्देश्य पूरा गर्ने खालको हुनुपर्दछ ।

अनुसन्धान ढाँचामा तथ्याङ्क सङ्कलनको निश्चित पद्धति समेत समावेश गरिन्छ । साथै त्यस्ता संग्रहित तथ्याङ्कको विश्लेषण कसरी गर्ने र तिनीहरूलाई उद्देश्यसँग कसरी तालमेल गराउने भन्ने बारेमा पनि ढाँचाले नै मार्गनिर्देशित गरिन्छ ।

(C.R. Kothari, १९८५) ले अनुसन्धान ढाँचामा अध्ययन के को बारेमा गर्ने, अध्ययन किन गर्ने, कहाँ गर्ने, कस्तो तथ्याङ्क उपयोग गर्ने, तथ्याङ्क कुन प्राप्त गर्ने कति समयभित्र गरिसक्ने, नमुना छनोट ढाँचा कस्तो हुने, तथ्याङ्क सङ्कलन कुन पद्धतिबाट गर्ने, तथ्याङ्क विश्लेषण कसरी गर्ने र प्रतिवेदन कुन ढङ्गबाट प्रस्तुत गर्ने आदि जस्ता विषयवस्तु समावेश हुन बताउनु भएको छ ।

अनुसन्धान ढाँचाका प्रकारहरू निम्नानुसार छन् ।

- प्रयोगात्मक अनुसन्धान ढाँचा (Experimental Research Design)
- अन्वेसनात्मक अनुसन्धान ढाँचा (Exploratory Research Design)
- वर्णनात्मक र निदानात्मक ढाँचा (Descriptive and Diagnostic Research Design)
- अन्तरखण्डनात्मक ढाँचा (Cross Sectional Method)
- प्यानल अध्ययन ढाँचा (Panel Study Design)

## नमुना छनौट ढाँचा (Sampling Design)

सामाजिक अनुसन्धानको क्षेत्रमा नमुना छनोट पद्धतिलाई निकै महत्त्व दिने गरिन्छ किनकि असंख्य मात्रामा रहेका प्रमाणहरूको सबै खोजी गर्न र प्रयोग गर्न असम्भव छ । तसर्थ अनुसन्धानमा तथ्याङ्कलाई नमुनाको रुपमा छनोट गर्ने चलन चल्तीमा छ । नमुना छनौट पद्धतिको बारेमा जानकारी पाउनको लागि जनसङ्ख्या, जनगणना र नमुनाको बारेमा जानकारी हुन अनिवार्य छ ।

## नमुना छनौटका प्रकार र विधिहरू (Types and Procedures of Sampling)

नमुना छनौटलाई सम्भावनायुक्त र सम्भावनारहित नमुना छनौट गरी जम्मा दुई भागमा वर्गीकरण गर्न सकिन्छ । त्यसैगरी छानिने तत्वको आधारमा वर्जित नमुना छनौट र अवर्जित नमुना छनोट गरी यसलाई पनि दुई भागमा वर्गीकरण गरिएको छ । अवर्जित नमुना ढाँचालाई पनि सामान्य आकस्मिक र भद्रगोल संयोग नमुना छनौट गरी दुई भागमै विभाजन गरिएको छ । त्यसैगरी वर्जित नमुना छनौटलाई पनि जटिल नमुना छनौट तथा उद्देश्यगत नमुना छनोटमा वर्गीकरण गर्न सकिन्छ । जटिल नमुना छनोटमा झुण्ड नमुना छनोट र व्यवस्थित नमुना छनौट र वर्गीकृत नमुना छनोट आदि पर्दछन् ।

## नमुना छनोट पद्धतिका प्रकार (Types of Sampling Method)




## तथ्याङ्क सङ्कलन (Data Collection) तथ्याङ्क स्रोत (Sources of Data)

सामाजिक अनुसन्धानमा प्राथमिक (primary) सहायक (secondary) गरी दुई प्रकारका तथ्याङ्कहरू प्रयोग गर्ने गरिन्छ। ती दुवै प्रकारका स्रोत पनि अलगअलग छन्। P.V. थ्यगलन का अनुसार साहित्य

स्रोत र स्थलगत स्रोत दुई भागमा वर्गीकृत छन् । साहित्यश्रोत अनुसार प्रकाशित र अप्रकाशित कृति, प्रतिवेदन, तथ्याङ्क, हस्तलिखित ग्रन्थ, चिठीपत्र डायरी आदि पर्दछन् भनी स्थलगत स्रोतमा सम्बन्धित विषयमा जानकार, चासो राख्ने मानिसहरूको विचार पर्दछन् ।




**अनुसन्धानका चरणहरू (Steps of Research)**

| | | |
|---|---|---|
| प्रतिवेदन तयारी | 11 | |
| सामान्यीकरण र विवेचना | 10 | |
| परिकल्पना परिक्षण | 9 | |
| तथ्याङ्क वर्गीकरण, स्रोतकरण र तस्विीरीकरण | 8 | |
| तथ्याङ्क सङ्कलन अनुसन्धान ढाँचा निर्माण | 7 | |
| परिकल्पना/अनुसन्धान प्रश्न | 6 | |
| पूर्व साहित्य सर्वेक्षण | 5 | |
| उद्देश्य निर्माण | 4 | |
| समस्या चिनारी | 3 | |
| अज्ञानताका अवस्था | 2 | |
| | 1 | |

यस लेखनमा अनुसन्धान गर्ने वा अनुसन्धानमा चासो राख्ने व्यक्तिको लागि सामान्य प्रारूप पेश गर्ने जमर्को गरेको छु । यस लेखनले थोरै मात्रामा भएपनि अनुसन्धान के हो ? यसका औजार (Tools) हरु के के हुन् ? र कसरी गर्ने ? कहाँबाट गर्ने, भन्ने बारे खुल्दुली र चासो जगाउने प्रयास पक्कै गरेको छ । अबको पछिल्लो भागमा अनुसन्धान गर्नका लागि सर्वप्रथम चाहि प्रस्तावनापत्र के हो ? यो कति प्रकारका हुन्छन् र कसरी तयार पार्ने भन्ने बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरेको छु र हामी अध्ययन अध्यापन गर्ने क्षेत्रमा कार्यरत शिक्षकहरूलाई शैक्षिक प्रस्तावना पत्रको बारेमा जानकारी नै छ मैले संस्थागत वा व्यवसायिक प्रस्तावना पत्रको बारेमा केही चर्चा गर्नेछु र उदाहरणको लागि एउटा व्यवसायिक प्रस्तावना पत्र समेत तयार गरी प्रकाशन गर्न प्रयास गरेको छु । यसमा अध्ययन गरी सकारात्मक सुझाव र टिप्पणी गरिदिन हुन बौद्धिक व्यक्तित्वमा अनुरोध गर्दछु ।

**अनुसन्धान प्रस्ताव (Research Proposal)**

अनुसन्धान आफैमा एक बृहत्तर र जटिल कार्य हो । यसका लागि निश्चित योजनाको आवश्यकता पर्दछ । कुनै पनि अनुसन्धानकर्ताले कुन विषयमा अनुसन्धान गर्ने भन्ने निश्चित गरेपछि त्यस क्षेत्र सम्बन्धित शीर्षक चयन गर्नुपर्नेछ । त्यसको आधारमा बनाएको बृहत्तर योजना नै अनुसन्धान प्रस्ताव (**Research proposal**) हो ।

अनुसन्धान प्रस्तावमा शीर्षकदेखि लिएर अनुसन्धानको स्वरूप, तथ्याङ्क सङ्कलन गर्ने विधि विश्लेषण पद्धति, यसमा प्रयोग हुने तथ्याङ्क स्वरूप, तथ्याङ्कको प्रकृति, अनुसन्धान गरिने क्षेत्र, लाग्ने समय र बजेट तथा अनुसन्धान प्रतिवेदन तयारीको रूपरेखा समेत समावेश गरिन्छ ।

कुनै पनि अनुसन्धान सञ्चालन गर्नुभन्दा अगाडि एउटा प्रस्तावना तयार गरिन्छ । यसलाई विज्ञ र लगानीकर्ताहरूको सल्लाहअनुसार सुधार गरी कार्य सञ्चालन गरिन्छ । अनुसन्धानको प्रयोजन अनुसार अनुसन्धान प्रस्तावनालाई तीन समूहमा विभाजन गर्न सकिन्छ । जुन यस प्रकार छन् ।

क) स्नातकोत्तर अथवा विद्यावारिधि तहका लागि तयार गरिने प्रस्तावना ख) निजी अथवा सरकारी निकायलाई बुझाइने प्रस्तावना ग) अनुसन्धान संस्थाहरूलाई विश्वविद्यालय एवं महाविद्यालयका शिक्षकहरूले पेश गर्ने प्रस्तावना

**अनुसन्धान प्रस्तावनाका अंगहरू (Components of Research Proposal)**

**अध्याय एक (Chapter One) :** परिचय **(Introduction)**

१.१ पृष्ठभूमि (Background of Study)

१.२ समस्याको कथन (Statement of the Problem)

१.३ अध्ययनको उद्देश्य (Objective of the Study)

१.४ परिकल्पना वा अनुसन्धान प्रश्न (Hypothesis or Research Questions)

१.५ अध्ययनको महत्व (Significance of the Study)

१.६ अध्ययनको सीमा वा परिसिमाहरू (Limitations or Delimitations of the Study)
१.७ शब्दावलिको परिभाषा **(Definition of Terms)**

**अध्याय दुई (Chapter Two) : सम्बन्धित साहित्यको पुनरावलोकन (Review of The Related Literature)**
२.१ साहित्यको पुनरावलोकन (Review of Literature)
२.२ अध्ययनको सैद्धान्तिक ढाँचा (Theoretical Framework of Study)
२.३ अध्ययनको अवधारणात्मक ढाँचा (Conceptual Framework)

**अध्याय तीन (Chapter Three) : अनुसन्धान विधि (Research Methodology)**
३.१ सूचनाका स्रोतहरू (Sources of Data)
३.२ अनुसन्धान ढाँचा (Research Design)
३.३ जनसंख्या र नमूना (Population and Sample)
३.४ तथ्याङ्क सङ्कलनका साधनहरु (Data Collection Instruments)
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Process)
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Process)
३.७ समय तालिका (Time Schedule)
३.८ लागत तालिका (Budget Schedule)

**सन्दर्भसुची (References)**
प्रतिवेदनको मुख्य खण्ड अन्तर्गत उद्धरण गरिएका सामग्रीहरुको विस्तृत विवरण वर्णानुक्रम अनुसार सन्दर्भ सूचीमा समोवस गर्नुपर्दछ। अनुसन्धान प्रतिवेदनमा सन्दर्भसुची (References) निश्चित खाना भित्र तयार पारिन्छ मुख्यतया २ वटा विधीहरु प्रयोगमा छन्।
1. Modern Language Association (MLA) 2.
American Psychology Association (APA)

विशेषतह APA model नै प्रचलनमा छ। ब्एब्छ धेरै प्रयोगमा आयो तर अहिले APA6 प्रयोग गर्ने चलन छ। यसमा सर्वप्रथम लेखकको थर, नाम, ग्रन्थको प्रकाशन, मिति, (नाम, टाइटल) Italic मा प्रकाशन स्थल प्रकाशक अंकित गर्ने। यदि दुइ जना लेखकले तयार पारेको पुस्तक भएमा पहिलो लेखकको थर, नाम र दोस्रोको सिधै नाम थर लेख्ने गरिन्छ।

नोट : यस लेखमा एउटा व्यवसायीक प्रस्तावनाको ञ्यमभा तयार गरि यसै साथ संलग्न गरेको छ्ु।

सामुदायिक माध्यामिक विद्यालयमा **STEM Programme** तथा तालिम तथा अभिमुखिकरण कार्यक्रम चम्पादेवी गाउँपालिका, ओखलढुंगा जिल्ला

प्रस्तावना पत्र

पेश गरिएको संस्था चम्पादेवी गाउँपालिका, ओखलढुंगा जिल्ला, कोशी प्रदेश

प्रस्तुतकर्ता
सह-प्रा. विष्णु बहादुर लिईटेल शिक्षाशास्त्र केन्द्रीय, अर्थशास्त्र विभाग त्रि.वि., कीर्तिपुर
२०८२

**Stem is a approach to education that focuses on the hard science, develop critical thinking skill, and improve the problem solving ability.**

## १.१ परिचय (Introduction)

चम्पादेवी र लिखुगाउँपालिका भित्रका प्राविधिक धार र विज्ञान विषय अध्यापन हुने सामुदायिक माध्यमिक विद्यालयमा STEM का अवधारणा कार्यान्वयन सम्बन्धि अभिभुखिकरण तथा शिक्षक तालिम कार्यक्रम २०८२ नेपाल सरकारको निति २०७६ ले सम्बोधन गरे बमोजिम विज्ञान

(S) प्रविधि (T) इन्जिनियरिङ्ग (E) र गणित (M) विषयका आधारभूत ज्ञानलाई एकीकृत सहसम्बन्धका माध्यमबाट कार्यान्वयनमा ल्याई सामुदायिक विद्यालय शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्दै विद्यालयबाट उत्पादित जनशक्तिलाई स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्र सम्म योगदान पुऱ्याउन सक्ने मानव पुँजी (Human Capital) निर्माण सक्नु यस कार्यक्रमको मुख्य हेतु रहेको छ ।

विश्व बजार अहिले सूचना प्रविधि (Information Technology) IT र डिजिटल (Digital) युगमा प्रवेश गरी उल्लेखनीय उपलब्धि हासिल गरिसकेको परिप्रेक्ष्यमा हाम्रो विद्यालय शिक्षालाई तदनुरुप विकास गर्न सकिएन भने श्रम बजार र शैक्षिक उत्पादन बीच तालमेल नमिली यी दुईको बीचमा (mismatch) भई उत्पादित जनशक्ति बेरोजगार (unemployed) मात्र नभई समाज र राष्ट्रका लागि भार (burden) हुन जान्छ । जसले गर्दा शिक्षाप्रति तमाम शिक्षाका साझेदारहरूको अविश्वास बढ्दै गई शिक्षाको माग (Demand of Education) मा कमी आउँछ र उच्च शिक्षामा भर्ना (enrollment) ज्यादै न्यून भई क्रियाशील जनशक्ति विदेश पलायन हुने दरमा बढोत्तरी आउँछ। यस्तो समस्यालाई समयमा नै सम्बोधन गरिएन पनि अर्थतन्त्रका सबै क्षेत्र (sector) हरु क्रमश ध्वस्त हुने सम्भावना बढ्दै जान्छ । यसको ज्वलन्त उदाहरणको हाल हाम्रो देशलाई लिन सकिन्छ । तसर्थ यो समाजलाई सम्बोधन गर्ने सुरुवाती अवस्था भनेको विद्यालय शिक्षा बाट नै हो । यसका लागि सङ्घीय प्रादेशिक र स्थानीय सरकारले शिक्षा नीति २०७६ ले व्यवस्था गरेको STEM विषयका आधारभूत ज्ञानलाई प्रभावकारी ढङ्गले कार्यान्वयन

गर्न शिक्षाका सरोकारवालाहरू (stakeholder) विद्यार्थी, शिक्षक, अभिभावकलाई एउटै छाताभित्र (one umbrella) ल्याई उनीहरू मैत्री अभिमुखीकरण र तालिम (orientation and training) कार्यक्रम सञ्चालन गर्न अपरिहार्य छ । यो कार्यक्रम मानव पूँजी निर्माण प्रक्रियाको जग (foundation) हो । यो कार्यक्रम सञ्चालन गर्दा विशेषतह सीप (skill) उत्पादन (production), उत्पादकत्व (productivity), गुणस्तर (quality) अभिवृद्धिमा विशेष हेक्का राखिन्छ । यी कुरा प्राप्ति गर्नका लागि विशेष तह निम्नबमोजिम कार्यहरु गरिनेछन् ।

- प्रस्तावनापत्र (proposal) तयार गरि सम्बन्धित निकायसँग सम्झौता तथा हस्ताक्षर गरिने छ ।
- STEM कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरु (stakeholder) पहिचान गरिनेछ र कार्य विधीमा समाविष्ट नभएको रोजगारदाता (job provider) समावेश गरिनेछ ।
- तालिमको पाठ्यक्रम (Training Manual) तयार गरिनेछ र संयोजक (Co-ordinator) र प्रशिक्षक (Trainer) चयन गरिने छ । गाउँपालिका लागयत (जिल्ला भरिबाट) विषय विज्ञहरुको रोष्टर तयार पारिनेछ ।
- शुरुमा ९-१२ को सम्बन्धित विषयका पाठ्यक्रम (Curriculum) को Vertical / Horizontal Relationship र पाठ्यक्रम भित्र रहेका अस्पष्ट विषयमा विज्ञ सहित समूह छलफल गरि स्पष्ट पारिनेछ ।
- तत् पश्चात पालिकाभित्रबाट तत विषयका त्इत तयार गर १-८ सम्मका पाठ्यक्रमहरुमा पनि सोही बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- पाठ्यक्रमले माग गरेबमोजिमका शैक्षिक सामग्रीहरुको सूची (list) तयार पीरने छ र प्रयोगशाला भित्र चाहिने सम्पूर्ण शैक्षिक औजारहरु व्यवस्थापनको लागि सिफारिस गरिनेछ ।

तालिम तथा अभिमुखिकरण (Training and Orientation) कार्यक्रम

| | **सख्या** | **पटक** |
|---|---|---|
| प्रधान अध्यापक | १० | १ (भौतिक उपस्थितीमा सञ्चालन गरिने) |
| अध्यक्ष | १० | १ (भौतिक उपस्थितीमा सञ्चालन गरिने) |
| गणित शिक्षक | १० | १३ (भौतिक तथा यलष्लिभ दुवै) |
| विज्ञान शिक्षक | १० | १३ (भौतिक तथा यलष्लिभ दुवै) |

- विषयविज्ञ, विद्यार्थी र रोजगारदातासँग Focus Group Discussion (FGD)
- अबकभ क्तगमथ निर्माण
- जम्मा विद्यालय मध्ये २५ प्रतिशत विद्यालय अनुगमन गरिने ।
- प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा बुझाइने छ ।

१.२ लक्षित सहभागी संख्या ९/१० विद्यालय

- अध्यक्ष १०
- प्र.अ. १०
- गणित शिक्षक १०
- रोजगारदाता ३
- विद्यार्थी १०
- जन प्रतिनिधि विज्ञ १०

५३

१.३ सञ्चालन अवधि

यो कार्यक्रम आर्थिक वर्ष २०८३/०८४ को शुरुबाट सञ्चालन गरिनेछ सर्वप्रथम ४ वटा भौतिक तालिम तथा अभिमुखिकरण सञ्चालन गरिनेछ र अर्को ६ महिना भित्र जम्मा ६ वटा online case study १ लक्षित समूह छलफल (FGD) सञ्चालन गरिनेछ जम्मा अवधि १ आर्थिक वर्ष हुनेछ ।

१.४ कार्यक्रमको आवश्यकता र औचित्य

- STEM यो विधा निरस तथा अप्ठ्यारो विषय ठान्ने मनोवृत्ती रहनु ।
- विद्यमान शिक्षण पद्धति प्रमुखतह व्याख्या विधीमा आधारित रहनु/अध्ययन अध्यापनमा विद्यार्थी सहभागी नहुनु ।
- विषयवस्तुले (पाठ्यक्रमले) माग गरी बमोजिमको शैक्षिक सामग्री र प्रयोगशालाको यथोचित प्रवन्ध नहुनु ।
- शिक्षकहरुलाई आवश्यक पर्ने सल्लाह, सुझाव र अस्पष्ट रहेको विषयमा सहि परामर्श दिने विज्ञ वा सम्यन्त्र नहुनु ।
- परिवर्तित परिवर्तनसँग साक्षतकार हुन शिक्षकलाई चाहिने refresh, recarrent training समय समयमा हुन नसक्नु ।
- समूहकार्य (Group Work, Group Discussion) को अभाव हुनु ।
- सम्बन्धित क्षेत्रमा Research and Development (RND) and Research Innovation and Development (RID) नहुनु । यी माथि उल्लेखित कुरालाई (Address) सम्बोधन गर्नु नै यस कार्यक्रम आवश्यकता हो र यही कुराले नै औचित्य पुष्टि गर्दछ ।

१.५ उद्देश्यहरु

- विशेष तह प्राविधिक धार र विज्ञान विषय अध्ययन, अध्यापन गर्ने विद्यालय र अन्य धार भएका सामुदायिक विद्यालयमा व्यवस्थित प्रयोगशाला, उचित प्रयोगशाला, उचित शैक्षिक सामग्री सहितको विद्यार्थीमैत्री पठनपाठन सञ्चालन गर्नु ।

- विद्यार्थीहरुको उत्तिर्ण दर (pass rate) श्रेणीमा (grading) मा सुधार गर्नु ।
- शिक्षण सिकाई अनुसन्धानमा (research based) आधारित गर्नु र (RND, RIT) मा जोड दिनु ।
- उत्पादित जनशक्तिको श्रमबजारमा सजिलै रोजगारी पाउनु वा स्वरोजगार बन्न सहयोग पुऱ्याउनु ।

१.६ सञ्चालन विधी र प्रक्रिया **(Modality)**

प्रस्तावित कार्यक्रम त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग र त्यही अध्यापन गर्नुहुने सह-प्राध्यापक विष्णु बहादुर लुइटेलले नेतृत्व गर्न गरि चम्पादेवी गाउँपालिका र लिखु गाउँपालिकाले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय र स्थानीय सरकार समेतको संलग्नतामा सञ्चालन गरिनेछ ।

१.७ अपेक्षित उपलब्धि

- हरेक विद्यालयमा व्यवस्थित प्रयोगशाला, शैक्षिक सामग्रीको उचित प्रवन्ध हुनेछ र शिक्षकहरुको आत्मवलमा बढोत्तरी भई पठनपाठन सरल, सहज र विद्यार्थीमैत्री बन्ने छ ।
- प्राविधिक धार, विज्ञान र सामुदायिक मा.वि. बाट उत्पादित विद्यार्थीहरुको गुणोस्तरमा उल्लेखनीय सुधार आउनेछ (pass rate and grading) मा अभिवृद्धि हुनेछ ।
- शिक्षण सिकाई अनुसन्धानमा आधारित रहुने छ । क्रमिक रुपमा स्थानीय सरकार, प्रदेश र संघीय सरकारले RND र RID मा आवश्यक बजेटको व्यवस्था वा प्रबन्ध मिलाउने छ ।
- उत्पादित जनशक्तिहरु (Human Resource) ले स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा रोजगारी प्राप्त गर्नेछन् वा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सक्षम हुनेछन् ।

१.८ अनुमाति बजेट

१०,३१०००/- भित्र रहि उल्लेखित कार्यक्रम सञ्चालन गरिनेछ ।

**Schedule of Detail Activities (Workplan)** कार्ययोजना

| **क्रियाकलाप (Activities)** | **२०८३ (Month) महिना** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| · प्रस्तावना पत्र र सम्झौता | | | | | | | | | | |
| · संयोजक र प्रशिक्षक चयन | | | | | | | | | | |
| · प्र.अ. अभिमुखीकरण | | | | | | | | | | |
| · अध्यक्ष अभिमुखिकरण | | | | | | | | | | |
| · ९-१२ पाठ्यक्रम संग्रह गर्ने | | | | | | | | | | |
| · विज्ञान गणित शिक्षा पाठ्यक्रम अभिमुखिकरण तथा समूह छलफल | | | | | | | | | | |
| · शैक्षिक सामग्री तथा प्रयोगशाला व्यवस्थापनको सुचि तयार | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| · शिक्षक यलष्लिभ अबिकक सञ्चालन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| · पालिका स्तरीय math science council, अगिद र विज्ञ समुह निर्माण | | | | | | ■ | | | | |
| · Focus Group Discussion Case tudy cg'udg | | | | | | | | ■ | ■ | |
| · प्रतिवेदन लेखन छलफल र पृष्ठपोषण | | | | | | | | | ■ | |
| · अन्तिम प्रतिवेदन पेश | | | | | | | | | | ■ |

१.९ कार्यक्रम सञ्चालनका लागि आवश्यक रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **इकाइ** | **दर** | **जम्मा** |
|---|---|---|---|---|
| १. क) | प्रस्तावना पत्र निर्माण र सम्झौता | 1 | 15000 | 15000/- |
| ख) | संयोजक सचीवालय व्यवस्थापन र प्रयोगशाला प्रयोग | 1 | 300000 | 300000/- |
| ग) | प्रशिक्षक | 5 | 25000 | 125000/- |
| घ) | ऱ्यापोटर/Visualization | 1 | 25000 | 25000/- |
| २. क) | प्र.अ.अध्यक्ष अभिमुखिकरण | 2 | 10000 | 20000/- |
| ख) | शिक्षक पाठ्यक्रम अभिमुखिकरण | 2 | 10000 | 20000/- |
| ग) | प्रशिक्षक पारिश्रमिक | 3×2 | 5000 | 30000/- |
| घ) | सहभागी परिश्रम (भत्ता) | 53 | 2000 | 106000/- |
| ङ) | परिचालन, व्यवस्थापन र समन्वय (Hall Stationary kitbag etc.) | | | 50000/- |
| ३.क) | Online training गणित र विज्ञान | 6 | 5000 | 30000/- |
| ख) | Training manual तयार | 2 | 10000 | 20000/- |
| ४.क) | FGD | 1 | 20000 | 20000/- |
| ख) | Case Study | 1 | 20000 | 20000/- |
| ग) | अनुगमन २५% विद्यालय | 10 | 10000 | 50000/- |
| ५. | शैक्षिक सामग्री तथा प्रयोगशालाको आवश्यक सामग्री व्यवस्थापन सुचि तयार र council/club गठन | | | 50000/- |
| ६. | प्रतिवेदन लेखन छलफल पृष्ठ पोषण | | | 50000/- |
| ७. | कृषि र engineering को लागि online training | 3 | 25000 | 75000/- |
| ८. | विविध | | | 50000/- |
| | जम्मा | | | |

**Tool Matrix**

| Respondents | Types of Tool | | | |
|---|---|---|---|---|
| | | FGD | Case Study | Observation |
| अध्यक्ष | 10 | 1 | 1 | 10 |
| प्र.अ. | 10 | | | |
| शिक्षक | 20 | | | |
| रोजगारदाता/संगठन | 10 | | | |
| विद्यार्थी | 10 | | | |
| स्थानीय सरकारका प्रतिनिधि | 10 | | | |
| विषय विज्ञ | 3 | | | |

**Process Flow of the Overall Programme**



**मुद्रित पुस्तकको विद्युतीय रुप**

Noodings, N. (2007). Encounters on education, Retrieved from https://www.ebookstoretandf.covr/html/index.aps

पत्रपत्रिका **(Journal Article)**

Herbst Damm, K.L. and Kulik, J.A. (2005). Volunteer Support material status and the survival times of terminally all patient. Health Psychology, 24, 225-229.

खवर पत्रिका लेख **(Newspaper Article)**

Subedi, A. (2011 October 10). Quarterly of University depend on dedicated protestors. The Kathmandu, pp. 2, 5.

प्राविधीक एवं अनुसन्धान प्रतिवेदनहरु **(Technical Research Report)**

Aryal, P.N. (2010). Scholarship management in Nepal (Report No. 23). Kathmandu: Ekata Publication.

**सन्दर्भसूची (References)**

Dahal, P. and Som, P.K. (2005). *Research methodology.* Kathmandu: M.K. Publishers and Distributors.

Niure, D. P. (2068). *Research methodology.* Kathmandu: Quest Publication.

Kadel, N.R. (2003). *Guideline to format thesis and dissertations.* Kathmandu: New Hira Books.

American Psychological Association (2010). *Publication manual* (6th ed.). Washington DC: Author.

Sharma, R.N. (2003). *Methodology of education research.* Delhi: Surjeet Publication.

Sukhia, S.P., Mahlotra, P.V. and Mehrotoa, R.N. (1974). *Elements of education research.* (3rd ed.). New Delhi: Allied Publishers Pvt. Ltd.

***

# सामुदायिक क्याम्पस र गुणस्तरीय शिक्षाः चुनौती र सम्भावना



**गणेश प्रसाद कट्टेल**
**निमित्त क्याम्पस प्रमुख**
**ज्ञान ज्योति**
**सामुदायिक क्याम्पस**

## १. परिचय

शिक्षा मानव सभ्यताको विकासको आधारशिला हो । कुनै पनि राष्ट्रको आर्थिक समृद्धि, सामाजिक रूपान्तरण, वैज्ञानिक उन्नति तथा लोकतान्त्रिक सुदृढीकरणका लागि गुणस्तरीय शिक्षा अनिवार्य मानिन्छ। शिक्षा केवल साक्षरता प्राप्त गर्ने प्रक्रिया मात्र होइन; यसले व्यक्तिको सोच, व्यवहार, सीप, मूल्य र दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउने कार्य गर्दछ ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा उच्च शिक्षाको पहुँच र गुणस्तर दुवै सुनिश्चित गर्नु चुनौतीपूर्ण कार्य रहँदै आएको छ। शहरी क्षेत्रमा विश्वविद्यालय र निजी कलेजहरूको पहुँच भए तापनि ग्रामीण तथा पिछडिएका क्षेत्रमा उच्च शिक्षाको अवसर सीमित रहेको छ। यही सन्दर्भमा सामुदायिक क्याम्पसहरूले उच्च शिक्षाको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

सामुदायिक क्याम्पसहरू समुदायको पहल, लगानी र व्यवस्थापनमा सञ्चालन हुने शैक्षिक संस्था हुन् । विशेषगरी Tribhuvan University अन्तर्गत सम्बन्धन प्राप्त धेरै सामुदायिक क्याम्पसहरू देशभर सञ्चालनमा छन् । यिनले न्यून शुल्कमा शिक्षा प्रदान गर्दै सामाजिक समावेशिता र पहुँच वृद्धि गरेका छन् ।

तर पहुँच विस्तार मात्र पर्याप्त छैन; शिक्षा गुणस्तरीय हुनु पनि अत्यन्त आवश्यक छ । त्यसैले सामुदायिक क्याम्पसहरूले गुणस्तरीय शिक्षा प्रदान गर्ने सन्दर्भमा सामना गरिरहेका चुनौतीहरू र भविष्यका सम्भावनाहरूको विश्लेषण गर्नु आवश्यक हुन्छ । यस निबन्धमा सामुदायिक क्याम्पसको अवधारणा, गुणस्तरीय शिक्षाको अर्थ, योगदान, चुनौती र सम्भावनाहरूको विस्तृत चर्चा गरिएको छ ।

## २. सामुदायिक क्याम्पसको ऐतिहासिक पृष्ठभूमि र अवधारणा

नेपालमा उच्च शिक्षाको औपचारिक सुरुवात Tribhuvan University को स्थापना (१९५९) सँगै भएको हो । प्रारम्भिक चरणमा उच्च शिक्षा मुख्यतः काठमाडौं केन्द्रित थियो । समयक्रमसँगै विद्यार्थी संख्या वृद्धि र क्षेत्रीय असमानताको कारण विभिन्न स्थानमा सामुदायिक पहलमा क्याम्पस स्थापना हुन थाले ।

सामुदायिक क्याम्पसको प्रमुख विशेषताहरू यसप्रकार छन्:

- समुदायको आर्थिक तथा व्यवस्थापकीय सहभागिता
- न्यून शुल्क संरचना
- स्थानीय आवश्यकताअनुसार कार्यक्रम सञ्चालन
- समावेशी र पहुँचयोग्य शिक्षा
- गैरनाफामूलक उद्देश्य

यी क्याम्पसहरू स्थानीय जनताको सक्रिय सहयोगबाट सञ्चालन हुने भएकाले समुदायसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । यसले शिक्षा क्षेत्रमा विकेन्द्रीकरण र जनसहभागिताको अवधारणालाई सुदृढ बनाएको छ ।

## ३. गुणस्तरीय शिक्षाको सैद्धान्तिक अवधारणा

गुणस्तरीय शिक्षा भन्नाले केवल परीक्षा उत्तीर्ण गराउने शिक्षा होइन, बरु जीवनोपयोगी ज्ञान, सीप र मूल्य विकास गर्ने प्रक्रिया हो ।

गुणस्तरीय शिक्षाका प्रमुख आधारहरू:

१. दक्ष र प्रशिक्षित शिक्षक
२. समसामयिक तथा सान्दर्भिक पाठ्यक्रम
३. आधुनिक शिक्षण विधि
४. पर्याप्त भौतिक तथा प्राविधिक पूर्वाधार
५. अनुसन्धान र नवप्रवर्तनको वातावरण
६. विद्यार्थी केन्द्रित शिक्षण प्रणाली
७. नियमित मूल्यांकन र सुधार प्रक्रिया

यदि यी तत्वहरू सन्तुलित रूपमा उपलब्ध भएमा मात्र शिक्षा गुणस्तरीय बन्न सक्छ। सामुदायिक क्याम्पसहरूको मूल्यांकन पनि यही मापदण्डका आधारमा गरिनुपर्छ ।

## ४. सामुदायिक क्याम्पसको गुणस्तरीय शिक्षामा योगदान

४.१ उच्च शिक्षाको पहुँच विस्तार

सामुदायिक क्याम्पसहरूले ग्रामीण तथा दुर्गम क्षेत्रमा उच्च शिक्षाको पहुँच विस्तार गरेका छन् । विद्यार्थीहरूले टाढा शहर जानुपर्ने बाध्यता कम भएको छ । यसले विशेषगरी आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरूलाई राहत दिएको छ ।

४.२ समावेशी शिक्षा प्रवर्द्धन

सामुदायिक क्याम्पसहरूले महिला, दलित, जनजाति, मधेसी तथा पिछडिएका समुदायका विद्यार्थीहरूलाई अवसर प्रदान गरेका छन् । यसले सामाजिक समानता र समावेशी विकासमा योगदान गरेको छ ।

४.३ न्यून शुल्क र छात्रवृत्ति

निजी क्याम्पसको तुलनामा सामुदायिक क्याम्पसमा शुल्क कम हुने भएकाले निम्न आय भएका परिवारका विद्यार्थीहरूले उच्च शिक्षा प्राप्त गर्न सकेका छन् । साथै विभिन्न छात्रवृत्ति कार्यक्रमहरूले पनि सहयोग पुऱ्याएका छन् ।

४.४ स्थानीय विकासमा योगदान

सामुदायिक क्याम्पसबाट अध्ययन गरेका विद्यार्थीहरू स्थानीय विद्यालय, सहकारी, बैंक, प्रशासनिक निकाय तथा व्यवसाय क्षेत्रमा कार्यरत छन्। यसले स्थानीय विकासमा प्रत्यक्ष योगदान पुऱ्याएको छ ।

४.५ नेतृत्व विकास
सामुदायिक क्याम्पसहरूले विद्यार्थीहरूमा नेतृत्व क्षमता विकास गर्न मद्दत गरेका छन्। विभिन्न अतिरिक्त क्रियाकलापहरूले व्यक्तित्व विकासमा सहयोग गरेको छ ।

## ५. सामुदायिक क्याम्पसका प्रमुख चुनौतीहरू

५.१ आर्थिक स्रोतको अभाव
सामुदायिक क्याम्पसहरूको मुख्य समस्या वित्तीय अस्थिरता हो। पर्याप्त अनुदान नहुँदा पूर्वाधार विकास, पुस्तकालय विस्तार, प्रयोगशाला स्थापना तथा प्रविधि व्यवस्थापन कठिन हुन्छ ।

५.२ दक्ष शिक्षकको अभाव
कम पारिश्रमिक र अस्थायी नियुक्तिका कारण योग्य शिक्षकहरू निजी वा सरकारी संस्थातर्फ आकर्षित हुन्छन्। यसले शिक्षाको गुणस्तरमा असर पार्छ ।

५.३ भौतिक पूर्वाधारको कमी
धेरै सामुदायिक क्याम्पसहरूमा पर्याप्त कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा डिजिटल सुविधा अभाव छ। आधुनिक शिक्षण प्रणाली अपनाउन पूर्वाधार आवश्यक हुन्छ ।

५.४ प्रविधिको सीमित प्रयोग
डिजिटल युगमा सूचना प्रविधि अनिवार्य छ। तर धेरै क्याम्पसहरूमा ई-लाइब्रेरी, स्मार्ट कक्षा, अनलाइन कक्षा प्रणालीको अभाव छ ।

५.५ अनुसन्धान संस्कृतिको कमजोरी
उच्च शिक्षाको मूल आधार अनुसन्धान हो । तर सामुदायिक क्याम्पसहरूमा अनुसन्धानका लागि आवश्यक स्रोत र प्रोत्साहन सीमित छन् ।

५.६ व्यवस्थापन सम्बन्धी समस्या
कहिलेकाहीँ व्यवस्थापन समितिमा पारदर्शिता, सुशासन र दीर्घकालीन योजना अभाव देखिन्छ । यसले संस्थागत विकासमा अवरोध पुर्‍याउँछ ।

## ६. सामुदायिक क्याम्पसका सम्भावनाहरू

६.१ प्राविधिक तथा व्यावसायिक शिक्षा
बदलिँदो समयसँगै सीपमूलक र प्राविधिक शिक्षाको आवश्यकता बढ्दै गएको छ । सामुदायिक क्याम्पसहरूले स्थानीय बजारको मागअनुसार कार्यक्रम सञ्चालन गर्न सक्छन् ।
६.२ डिजिटल रूपान्तरण
सूचना प्रविधिको प्रयोग विस्तार गरी अनलाइन कक्षा, डिजिटल पुस्तकालय, ई-लर्निङ प्रणाली विकास गर्न सकिन्छ ।

६.३ सार्वजनिक-निजी साझेदारी
सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी पूर्वाधार र स्रोत विकास गर्न सकिन्छ ।

६.४ अनुसन्धान र नवप्रवर्तन
अनुसन्धान केन्द्र स्थापना गरी विद्यार्थी र शिक्षकलाई अनुसन्धानमा प्रोत्साहित गर्न सकिन्छ ।

६.५ अन्तर्राष्ट्रिय सहकार्य
विदेशी विश्वविद्यालय र संस्थासँग सहकार्य गरी आदान-प्रदान कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

## ७. सुधारका रणनीतिहरू

१. दीर्घकालीन रणनीतिक योजना निर्माण
२. सरकारी अनुदान वृद्धि
३. शिक्षक प्रशिक्षण कार्यक्रम
४. डिजिटल पूर्वाधार विकास
५. पारदर्शी र उत्तरदायी व्यवस्थापन
७. गुणस्तर सुनिश्चितता प्रणाली लागू

## ८. भविष्यको दिशा

नेपालको शिक्षा नीति र संघीय संरचनाअनुसार स्थानीय तहको भूमिका बढेको छ । स्थानीय सरकारको सक्रिय सहयोगमा सामुदायिक क्याम्पसहरूलाई सुदृढ बनाउन सकिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न नीति, स्रोत र प्रतिबद्धता आवश्यक हुन्छ ।

यदि सामुदायिक क्याम्पसहरूलाई उचित सहयोग र व्यवस्थापन प्रदान गरियो भने यिनले भविष्यमा उच्च शिक्षाको प्रमुख आधारका रूपमा विकास हुन सक्छन् ।

## ९. निष्कर्ष

सामुदायिक क्याम्पसहरूले नेपालमा उच्च शिक्षाको पहुँच विस्तार गर्न ऐतिहासिक योगदान दिएका छन् । यिनले विशेषगरी ग्रामीण तथा आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरूलाई अवसर प्रदान गरेका छन् । तर गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आर्थिक, भौतिक, प्राविधिक र व्यवस्थापन सम्बन्धी चुनौतीहरू समाधान गर्न आवश्यक छ ।

सरकार, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्यबाट मात्र सामुदायिक क्याम्पसहरूलाई गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गर्न सकिन्छ। पहुँचसँगै गुणस्तर सुनिश्चित गरिएमा मात्र राष्ट्रको समग्र विकास सम्भव हुन्छ ।

यसर्थ, सामुदायिक क्याम्पसहरूको सुदृढीकरण, आधुनिकीकरण र प्रभावकारी व्यवस्थापन नै गुणस्तरीय शिक्षा प्राप्त गर्ने प्रमुख आधार हो ।

***

# नेपालमा उद्योग र औद्योगिकरणको विकासक्रमः एक सिंहवालोकन



**कमलबहादुर खड्का**
**केन्द्रीय प्रतिनिधि/पूर्व अध्यक्ष ओखलढुङ्गा नेपाल घरेलु तथा साना उद्योग महासंघ**

## विषय प्रवेश

मानव जातिको विकासक्रमसँगै उद्योग व्यवसायको पनि सुरुवात भएको देखिन्छ । प्राचीन कालमा मानिस शिकार गरेर जीविकोपार्जन गर्थे । समयको विकासक्रमसँगै उद्यम व्यवसायको पनि विकास हुँदै आयो । अहिलेको जस्तो उद्योग व्यवसायको यो एकैचोटी भएको होइन, क्रमिक विकास हुँदै आजको समयसम्म आइपुग्यो । मानिसका आवश्यकता, विज्ञान तथा प्रविधिको विकाससँगै औद्योगिक वातावरणको सुरुवात भयो । प्राचीन समयमा मानिसका आवश्यकता कम थिए, जब आवश्यकता, इच्छा र चाहना विकास हुँदै गए तब आधुनिक उद्योग व्यवसायको विकास हुँदै गयो ।

उद्योग विकासको इतिहास धेरै लामो भएतापनि लिच्छवीकाल पूर्वको अवस्था त्यति प्रष्ट छैन । लिच्छविकाल यताको तथ्याङ्क हेर्ने हो भने नेपालमा औद्योगिक वातावरणको स्वर्ण युग भनेर लिच्छवी काललाई भनिन्छ। समय र राजनीतिक परिवर्तन पश्चात औद्योगिक वातावरणमा पनि परिवर्तन भएको देखिन्छ नेपाल विश्वका ठूला ठूला अर्थतन्त्र भएका मुलुकको बीचमा रहेको तथ्यलाई समेत अध्ययननजर गर्नु जरुरी छ । त्यस्तै हामी भूपरिवेष्ठित राष्ट्र रहेको कारण पनि हामी अरुसँग परनिर्भर रहनु पर्ने बाध्यता रहेको छ । भूराजनीति तथा व्यापारको कारण पहिला छिमेकी राष्ट्रसँग युद्धसमेत भएको देखिन्छ । तसर्थ देश विकासको मेरुदण्ड भनेको उद्योग व्यवसाय हो भनेर भन्न सकिन्छ । अब विभिन्न समयमा नेपालको उद्योग व्यवसायको अवस्था कस्तो थियो भनेर जानकारी गराउँछु ।

## १. लिच्छवी/मल्ल र शाहकालीन उद्योग व्यवसाय

लिच्छवी काल उद्योग व्यवसायको स्वर्णयुग भनेर इतिहासमा पढ्न पाइन्छ । त्यसबखत भारत, तिब्बत र चीनसँग धातु कलात्मक सामान, मूर्तिकलाका सामान, काष्ठकलाका सामान, छालाका सामान र जडीबुटी निर्यात गरिन्थ्यो । यो समयमा नेपाली वस्तुको व्यापार यति राम्रो थियो कि नेपाल तिब्बत युद्धताका होस् वा नेपाल भारत बीचको युद्ध होस् त्यस्तो समयमा पनि व्यापारमा कमी आएन । नेपाली वस्तुको माग अत्याधिक थियो भनेर भन्न सकिन्छ । यस बखतमा आन्तरिक राजनीति अस्थिर थियो । नेपाल एकीकरणको अभियान्ताका पनि नेपाली उद्योग व्यापारमा पनि कमी आएन ।

## २. राणाकालीन उद्योग व्यवसाय (१९०३-२००७)

राणाकालमा संस्थागत रूपमा विराटनगर जुटमिलको स्थापना त्यस्तै औद्योगिक परिषद् र घरेलु इलम अड्डा जस्ता संस्थाहरूको स्थापना भएको देखिन्छ । त्यस्तै राज्यलाई कुत तिर्ने शर्तमा विभिन्न स्थानहरूमा तामा र फलामका खानीहरू सञ्चालनमा थिए । स्वदेशमा उत्पादित फलाम तथा तामाका

सामग्री निर्माण गरी स्वदेश तथा विदेशमा व्यापार गरिन्थ्यो । स्वदेशमा उत्पादित फलाम तथा तामाका कलात्मक घरायसी सामान, मूर्तिकलाका सामान विदेशमा निर्यात गरिन्थ्यो । त्यस्तै जङ्गली जडीबुटी पनि विदेशमा निर्यात गरिन्थ्यो । आयात कम थियो । त्यसैले राष्ट्रिय अर्थतन्त्र मजबुत थियो ।

### ३. प्रजातान्त्रिक व्यवस्थामा उद्योग व्यवसाय (२००७-२०१७)

राजनीति अस्थिरताको कारण उद्योग व्यवसायको विस्तार हुन सकेन । सञ्चालनमा आइरहेका खानीहरूसमेत क्रमिक रूपमा बन्द हुँदै गए । यस बखत औद्योगिक क्षेत्रमा त्यति विकास हुन नसके पनि राजा त्रिभुवनले उद्योगी व्यवसायहरूको आग्रहमा बेलायतको चेम्बर अफ कमर्सको विधान सिकाई सोको अध्ययन गरी नेपाल चेम्बर अफ कमर्सको स्थापना भएको देखिन्छ । नेपालको पञ्चवर्षीय योजनाको यसै समयमा सुरुवात गरिएको देखिन्छ । उद्योगी व्यवसायीको विकासमा यस प्रथम पञ्चवर्षीय योजना कोशेढुङ्गा सावित भयो । यस पञ्चवर्षीय योजनामा उद्यमी व्यवसायीहरूको समस्या समाधान गर्ने उद्देश्य लिएको देखिन्छ । त्यस्तै औद्योगिक वातावरण बनाउन सरकारी नीति निर्माण गरेको देखिन्छ । यसको सुरुवात बालाजु औद्योगिक क्षेत्रको स्थापना (२०१६) भएको देखिन्छ । यस समयमा औद्योगिक वातावरण बनाउन कानुनको तर्जुमा भएको देखिन्छ । यस बखत उत्पादन, सञ्चार र यातायातको विकासलाई विशेष प्राथमिकता दिएको देखिन्छ । उद्योग व्यवसायलाई निजी क्षेत्रलाई आकर्षण गरेको देखिन्छ ।

### ४. पञ्चायती व्यवस्थामा उद्योग व्यवसाय (२०१७-२०४७)

पञ्चायती व्यवस्थासम्म नेपालको अर्थतन्त्र मजबुत थियो । त्यस समयमा आयात निर्यातको अनुपात राम्रो थियो । व्यापार घाटा कम थियो । नेपालमा नै उद्योग कलकारखाना खोल्न सरकारी प्रोत्साहन भएको तथ्यबाट देखिन्छ । नेपालको अर्थतन्त्र सानो भएपनि आत्मनिर्भर थियो । विभिन्न स्थानहरूमा औद्योगिक क्षेत्र स्थापना भएको देखिन्छ । औद्योगिक क्षेत्रबाहेक पनि विभिन्न स्थानमा सरकारी स्वामित्व र निजी क्षेत्रबाट उद्योगहरू स्थापना भई सञ्चालनमा आएको देखिन्छ । निजी क्षेत्रबाट विदेशी पाहुनाको लागि पाँच तारे होटल लगायत अन्य तारे होटलहरु पनि स्थापना भएको पाइन्छ । त्यस्तै सरकारी स्वामित्वमा विदेशीमित्र राष्ट्रहरूको सहयोगमा उद्योगधन्दा स्थापना भएको देखिन्छ । जस्तै जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना लगायत अन्य उद्योगहरू । अब यस अवधिमा स्थापना भएका औद्योगिक क्षेत्रहरूको बारेमा जानकारी राखौं ।

१. हेटौडा औद्योगिक क्षेत्र (२०२०)
२. पाटन औद्योगिक क्षेत्र (२०२०)
३. धरान औद्योगिक क्षेत्र (२०२९)
४. नेपालगञ्ज औद्योगिक क्षेत्र (२०३०)
५. पोखरा औद्योगिक क्षेत्र (२०३१)
६. बुटवल औद्योगिक क्षेत्र (२०३२)

७. भक्तपुर औद्योगिक क्षेत्र (२०३५)

८. वीरेन्द्रनगर औद्योगिक क्षेत्र (२०३८)

९. धनकुटा औद्योगिक क्षेत्र (२०४१)

१०. राजविराज औद्योगिक क्षेत्र (२०४४)

यस अवधिमा नीतिमा कडाई भएपनि औद्योगिक वातावरण राम्रै भएको तथ्यले देखाउँछ ।

## ५. बहुदलीय व्यवस्थामा उद्योग व्यवसाय (२०४७-२०६३)

नीतिगत रूपमा हेर्ने हो भने यस अवधिमा धेरै राम्रा कामहरू भएका छन् । यसै अवधिमा औद्योगिक व्यवसाय ऐन २०५३ जारी भएको थियो । यस अवधिमा उद्योग व्यवसायलाई निजी क्षेत्रको लगानी आकर्षण गर्न ऐन कानुनलाई त्यसै अनुरुप विकास भएको पाइन्छ । सरकारी स्वामित्वमा रहेका उद्योगहरूलाई निजी क्षेत्रलाई हस्तान्तरण गरी निजी क्षेत्रलाई प्रोत्साहन गरेको देखिन्छ । यस बखत राजनैतिक द्वन्दको कारण मुलुकमा राजनीति अस्थिरता देखिएको कारण उद्योग व्यवसायको विकास हुन सकेन । अझ सञ्चालन भइरहेका उद्योगहरू समेत बन्द गर्नुपर्ने भयो । यस अवधिमा नीतिगत रूपमा र केही सुधार गर्न खोजिएको जस्तो देखिएता पनि खासै विकास तथा विस्तार भएको देखिँदैन

## ६. लोकतान्त्रिक व्यवस्थामा उद्योग व्यवसाय (२०६३-हालसम्म)

२०६२/६३ को जन आन्दोलनले देशमा राजनीति परिवर्तन पश्चात नीतिगत रूपमा धेरै प्रगति भएको पाइन्छ । औद्योगिक नीति २०६७, औद्योगिक व्यवसाय ऐन २०७३, औद्योगिक नीति २०७६ यसै अवधिमा जारी भएका छन् । यस अवधिमा जलविद्युत क्षेत्रमा ठूलो विकास भएको देखिन्छ । त्यस्तै कृषि क्षेत्र विशेषगरी मासुजन्य वस्तुमा आत्मनिर्भर भएको देखिन्छ ।

अब नेपालको अर्थतन्त्रको बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ । नेपालको कुल ग्राहस्थ उत्पादन करिब ६१.७ खर्बको रहेको छ । जसमा सेवा क्षेत्रको योगदान ६२.०१%, कृषि क्षेत्रको योगदान २५.१६% र उद्योग क्षेत्रको योगदान १२.८३% रहेको छ । त्यस्तै हाम्रो सार्वजनिक ऋम आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म करिब २६.६७ खर्ब रहेको छ । जसमा वैदेशिक ऋृण १३.१५ खर्ब र आन्तरिक ऋृण १३.५२ खर्ब रहेको छ । यो कुल अर्थतन्त्रको ४६.९१% हो ।

नेपालमा आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म साना ठूला गरी जम्मा ३४५३९३ वटा उद्योगहरू सञ्चालनमा रहेको तथ्याङ्क छ । जसमध्ये मजौला तथा ठूला उद्योगको सङ्ख्या ६०१८५ रहेका छन् । यी उद्योग तथा व्यवसायबाट करिब ६ लाखलाई रोजगार दिएको छ । यसबाट करिब १२ खर्बको उत्पादन हुन्छ । त्यस्तै आयात निर्यातको बारेमा समेत सामान्य चर्चा गर्नु उपयुक्त ठानेको छु । नेपालको GDP करिब ६१ खर्वको भएको जानकारी नै छ । यसमध्ये नेपालले आयात करिब १३.४ खर्ब र निर्यात २.७७ रहेको छ । आयात हुने मुख्य वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टिल, मेसिनहरू र सवारी साधनहरू मुख्य हुन् । पेट्रोलियम पदार्थ मात्रै वार्षिक १.७१ खर्वको आयात हुन्छ । आयातको तुलनामा

निर्यात निकै कमजोर देखिएको छ। निर्यात गर्ने वस्तुहरूमा मुख्यत अलैँची, चिया कफी, सुपारी, अदुवा आदि। हाम्रो देशको व्यापार घाटा १५ खर्बमाथि छ। यो व्यापार घाटा वैदेशिक रोजगारी र पर्यटनबाट परिपूर्ति गरिन्छ। नेपाल सरकारले औद्योगिक वातावरण बनाउनको लागि २०७२ सालबाट मङ्सिर ९ गतेलाई उद्योग तथा व्यवसाय दिवस मनाउने निर्णय गरेको थियो। पहिलो उद्योग दिवसको नारा "नेपाली वस्तुको उपयोग गरौँ आयात प्रतिस्थापन रोकौँ"। त्यस्तै २०८२ सालको नारा "औद्योगिक वातावरणमा सुधार दिगो अर्थतन्त्रको आधार"।

## निष्कर्ष

नेपाल प्राकृतिक स्रोत र साधनको हिसाबले दक्षिण एसियामा सम्पन्न राष्ट्रमा पर्दछ। देशभित्र रहेका जलस्रोत, खनिज, वन जडीबुटी (औषधिजन्य) र महंगा पत्थर (gemstone) प्रशस्त मात्रामा पाइन्छ। औद्योगिक विकासक्रमलाई सिंहवालोकन गर्दा लिच्छवी र मल्लकालमा धेरै खनिजजन्य उद्योगहरू उत्खनन र प्रयोगमा ल्याएको पाइन्छ। तुलनात्मक हिसाबले भन्ने हो भने संघीय गणतन्त्रात्मक व्यवस्थामा भन्दा राजनीतिक हिसाबले जे भएपनि उद्योग विस्तार र विकासका दृष्टिकोणले पञ्चायतकाल उत्कृष्ट थियो। मुलुकमा राजनैतिक हिसाब धेरै परिवर्तन भए पनि उद्योग विकास र आर्थिक हिसाबले निकै दयनीय अवस्था रहेको यथार्थता माथि उल्लेख गरिएका तथ्याङ्कले स्पष्ट गरिएको छ। अब पनि यो अवस्थालाई हृदयगम नगरी यसरी नै अघि बढ्दै जाने हो भने मुलुक (debt trapped) ऋणमा चुर्लुम्म डुबी असफल राष्ट्रतर्फ जानबाट रोक्न सकिँदैन। तसर्थ स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्दै घरघरमा लघु घरेलु र साना उद्योगको स्थापनामा जोड दिने गरी राज्यले विभिन्न नीति नियम योजना तथा कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य छ।

## सन्दर्भसुची


सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन (२०७५)

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (२०४९)

आद्योगिक तथ्याङ्क (२०७९)

औद्योगिक व्यवसाय ऐन (२०७४)

नेपालका बजेट (२०७९/८०, २०८०/८१)


***

# ज्ञान ज्योति क्याम्पसको इतिहास र भविष्यको बाटो



रमेश कार्की

## पृष्ठभूमि

समय चक्रमा पछिल्लो चरणमा छोराखेटी र फूलबारी तथा अन्य आसपासका जुझारु युवा, शिक्षाप्रेमी युवाहरुको संयुक्त पहलमा ज्ञान प्रकाश मा.वि.मा +२ को शुभारम्भ गर्नु पनै अग्रगामी सोच थियो । आफूले अध्ययन गरेको संस्थामा ईंटा थप्ने उन्नत सोच नै शिक्षा विकासको फड्को थियो । +२ स्थापना र कार्यान्वयन पश्चात् उप्तादित शैक्षिक जनशक्तिको लागि उच्च शिक्षा हासिल गर्न क्याम्पस जरुरी थियो, तर पहल कदमीको अभाव थियो। वि.सं. २०६५ रमेश कुमार कार्की मा तत्कालिन शिक्षा प्रेमीहरुको स्वतः स्फूर्त प्रयास स्वरुप ज्ञान ज्योति सामुदायिक क्याम्पसको जग हालिएको हो । रामपुर, साँधुटार, गाम्नाङ आदि ठाउँमा क्याम्पसहरुको जग राखिसकेकोले विगतसँग हाम्रो भूगोल पनि होचो भएर रहन सकेन ।

## स्थापनाताकाको चुनौतीहरु

क्याम्पस स्थापना गर्नु चनाचुने कुरा थिएन । विद्यालयमा विद्यार्थीको चाप राम्रो थियो । झन् +२ स्थापना पछि यसबाट उत्तिर्ण जनशक्ति उच्च शिक्षाको लागि शहर धाउनुपर्ने बाध्यतालाई हल गर्न पनि क्याम्पस आवश्यक थियो । तर हल गर्ने जनभावना बोक्ने जमात् अगुवा बन्न सक्ने हिम्मत तत्कालिन शिक्षाप्रेमीहरुले गर्नुभयो । विधान बनाउनु पर्ने, अनुमति त्रि.वि.वि.बाट लिनुपर्ने, प्राविधिक कुराहरु मिलाउनु पर्ने ठूलो काम पूरा गर्न बाँकी थियो । तर प्रगतिको बाढी आउँदा माछा सँगसँगै भ्यागुता लगायतका अन्य फोहोरहरु पनि आउँदा रहेछन् । घोराखोरीमा क्याम्पस स्थापना हुनुहुँदैन भन्ने हरुको दौडधूप पर्दा पछाडि रह्यो । यसको प्रतिवाद गर्दै समय दिएर स्थापना गरि छाड्ने पूर्व सभासद् श्री बालकृष्ण ढुंगेललाई स्मरण गर्नै पर्दछ । गर्भमा नै मार्न खोजने समूहबाट बचाएर वि.सं. २०६५ सालमा ज्ञान ज्योति सामुदायिक क्याम्पसको जन्म भयो । कागजी प्रक्रिया त पूरा भयो तर प्रशासन, विद्यार्थी र संरचना थिएन । समाजसेवी खड्क बहादुर कार्कीको नेतृत्वमा क्याम्पस व्यवस्थापन समिति थियो । सदस्यहरु टाढा टाढाका व्यक्तिहरु समेत हुनुहुन्थ्यो । प्रशासनिक संरचना खडा गर्न पहिलो कार्य थियो क्याम्पस प्रमुखको चयन र अनय अध्यापकहरुको व्यवस्थापन । +२ स्थापना ताका आउनु भएका साथीहरु धमाधम अवसरहरु प्राप्त गर्दै अन्य ठाउँहरुमा गइरहनु भएको थियो । तत्कालिन समयमा म स्थानीय देखिएँ र अरु बिकल्पहरु कम भएपछि मेरो नाम क्याम्पस प्रमुखमा चयन भयो । त्यो अवसर जुराउने तत्कालिन शिक्षक वर्ग, क्याम्पस व्यवस्थापन समिति र गुरुहरुलाई धन्यवाद दिंदै आभार प्रकट गर्दछु । हामीसँग विद्यार्थी थिएनन् । विद्यार्थी पढ्ने निश्चित ठाउँ थिएन । तत्कालिन परिवेशमा विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्र.अ. र राजनीतिक केही दलहरु समेत क्याम्पसको स्थापनामा सहमत भइरहेको स्थिति थिएन । सर्वसम्मत् भावना बढने अवसर जुटाउने प्रयास स्थापना गर्ने पक्षको

स्थापनामा एक थरीको विचार निमोठने रहयो । तर आज ती विचारहरु क्याम्पसको लागि एक भएका छन् भन्ने लाग्छ । परिवेशले त्यही बोल्दछ । १६ वर्षमा सेरा खोलामा धेरै पानी बगिसकेको छ ।

**स्थापनापछिको कार्यहरु**

क्याम्पसको स्थापना पछि क्याम्पस प्रमुख बन्ने व्यक्ति बस्ने कार्यालय स्कूलकै एउटा कोठाको एउटा कुना रोज्यौं । बस्ने कुर्सी आयुवेद शाखाबाट ल्यायौं । अध्यापकहरु बस्ने कुर्सी थिएनन् । क्याम्पसमा पढाइ हुने विषयहरु नेपाली, जनसंख्या, अंग्रेजी त थिए तर पढ्ने मानिसहरु थिएनन् । मैले शुरुआत दुःखबाटै हुन्छ भन्न खोनेको हुँ । साँधुटारमा ओर्लिएर हिड्दै घोराखोरी आइपुग्नु पर्ने थियो । साथीहरुलाई ल्याउादा बाटोले दुःख दिन्थ्यो । क्याम्पस पढ्ने व्यक्तिहरु खोज्दा तत्कालिन समयका +२ उत्तिर्णहरुलाई रोक्न प्रयास गऱ्यौं । हाम्रै विद्यालयमा पढाउने शिक्षकहरुलाई विद्यार्थी बनिदिनुस् भन्यौं । रानीवन, भदौरे, जतिकनी, धुसेनी, बिलन्दु, फूलबारी, फेढिगुठ आदि ठाउँमा विद्यालयमा पुगेर शिक्षक साथीहरुलाई विद्यार्थी बनिदिन आग्रह गऱ्यौं र विद्यार्थी संखया जुटायौं । काभ्रे, इलाम, मोरङ लगायतका ठाउँहरुबाट आएका साथीहरुलाई अध्यापक बनायौं । कार्य पात्रो बनायौं र जेनतेन जग बसाल्यौं । क्याम्पस व्यवस्थापन समितिको पहलमा जुटेको धेरथोर रकम र विद्यार्थीबाट उठेको शुल्कबाट केही फर्निचरहरु बोकाएर साँधुटारबाट घोराखोरी ल्यायौं । कालोपाटी र चकलाई विस्थापन गऱ्यौं । आधारभूत संरचना तयार गऱ्यों । साथीहरुसँग छलफल गर्दै सामूहिक निर्णयबाट स्वीकृत भएका कुराहरुलाई लागू गर्दै गयौं । क्याम्पसले निश्चित आकार लिदैं गइरहेको थियो । तर आन्तरीक द्वन्द्वसँग र राजनीतिक समूहहरुसाग पनि जुध्नु अनिवार्यता भयो जुन हुनुपर्ने थिएन । त्यहाँ भर्ना नहुनु हाम्रो क्याम्पस हैन भन्नेहरुसँग जुध्नु थियो । थामडाँडामा क्याम्पस लैजानु भन्ने साथीहरुसँग जुध्नु थियो । क्याम्पसमा पढाउने, सुविधा पनि लिने तर उफ्रिउफ्रि क्याम्पस हुनु हुँदैन भन्ने कालिदासहरुसँग पनि जुध्नु दिन चर्या नै भयो । विद्यार्थीको फाराम बुझाउन विराटनगर जानुपर्ने, परीक्षाको केन्द्र रामपुर जान हिंड्नु पर्ने कठिन अवस्था पार गर्दै क्याम्पस विस्तारै अगाडि बढ्दै गयो । क्याम्पसमा एक विषय एक महिना पढाए वापत रु. २०००/- पारिश्रमिक लिएर सहयोग गर्नुहुने साथीहरुलाई धन्यवाद दिनु पर्दछ । कम्तिमा गाउँको क्याम्पस हामीले संरक्षण गर्नुपर्छ । यो हाम्रो सम्पति हो र यथासक्य सहयोग गरेर बचाउनु पर्छ भन्ने सानो भावना मन मस्तिस्कमा भइदिएको भए निकै सहज हुने थियो । कहिलेकाही राजनीतिक उच्छ्रिडखलता देखापर्दा पनि क्याम्पसलाई असर पर्ने, बिना कसुर गुरुहरु रिसाउँदा पनि त्यही असर पर्ने र आयू अनुकुलताको परिणाम नआउँदा व्यक्तिहरु रिसाउँदा पनि क्याम्पसलाई नै असर पर्ने दुःखान्त पनि सम्झन्छु ।

**राम्रो पक्षहरु**

घोराखोरीको भूगोलमा सामूदायिक क्याम्पस स्थापना भयो । घरमा नै सीमित हुनु पर्ने व्यक्तिहरुले उच्च शिक्षामा पहुँच पुऱ्याउन सफल हुनु भयो । विद्यालयमा अनिवार्य ड्रेस नहुँदा चम्पादेवी मैला वा साँधुटार हाटबजार र कता हिंडेको भन्ने अवस्थाको अन्त्य गर्न हामीहरु सबै लाग्यौं । विद्यालय प्रशासनमा परेका गाँठाहरु फुकाउन झण्डै १ महिना लाग्यो र वातावरण सङलियो । अन्य छिमेकी क्याम्पसहरुमा पनि

सहजै सम्बन्ध विस्तार भयो । शौक्षिक स्तर बृद्धिमा अप्रत्यक्ष र प्रत्यक्ष कामहरु भए । प्रचण्ड र बाबुराम जस्ता राजनीतिक हस्तहरु घोराखोटीमा उतारेर क्याम्पसको प्रगतिमा बोल्न लगाउनु तथा विद्यालयको स्वर्ण जयन्ती मनाउन सफल हुनु त्यो बेलाका ऐतिकासिक घटनाहरु भए ।

**आगामी बाटो**

अबको लडाई हतियारले होइनः शिक्षा क्षेत्र ध्वस्त पारे पुग्दछ भन्ने भनाइ छ । यो मान्यता नेपालमा लागू भइरहेको छ । +२ वा माध्यमिक तह पार गरेपछि विदेशिने क्रम चुलिंदो छ । वस्तीहरु युवाबिहीन बनेका छन् । गाउँहरु बृद्धाश्राममा परिणत भएका छन् । पानी थियो, हिमाल थियो, वन जंगल थियो, उर्वराशिल जमिन थियो, सम्भावनाको खानी थियो, तर पनि स्वर्गजस्तो देशमा नरकको यात्रा किन ? यसको उत्तरको सूर्य कता तेर्सिन्छ भन्दा देशको राजनीति र विदेशी चलखेल । यसको सानो समाधानको सानो संकेत हाम्रो क्याम्पस कसरी बढला त ? यसको लागि प्राविधिक विषयको सम्बन्धन लिएर समुदायको लागि आवश्यक ज्ञान र सीप प्रदान गरेर जनशक्ति उत्पादन गरी समाज र देशको लागि योगदान दिनुपर्दछ । व्यक्तिलाई कोरा शिक्षा मात्र प्रदान गर्दा शैक्षिक बेरोजगार उत्पादन बढी हुने रहेछ । आगामी दिनमा हामी सबै मिलेर क्याम्पसको स्तर उन्नतिमा लाग्यौं भने देश र समाजको सेवा त हुन्छ नै र हामी पनि नमूना बन्न सक्छौं किनकि सन् २०३० मा मंगल ग्रहमा मानव बस्ती बसाल्ने नासाको योजना छ । सोचौं ।

***

---

# कविताः प्रेरणा




**आकृती न्यौपाने**
**बी.एड. प्रथम वर्ष**
**ज्ञान ज्योति**
**सामुदायिक क्याम्पस**


हारले कहिल्यै पछाडि पार्दैन् जीवनमा,
प्रेरणाले अगाडि बढ्ने हिम्मत दिन्छ मनमा ।

सानो प्रयासले ठूला कथा लेखिन्छन्,
विश्वास भए असम्भव पनि सम्भव हुन्छ क्षणमा ।

अध्यारों रात पछि उज्यालो विहान आउँछ,
प्रेरणाले आशाको दियो बाल्छ जीवनमा ।

लड्दै हिँड्नु नै जीवनको पहिलो पाइला हो,
प्रेरणाले थाकेको मनको मलम बनिदिन्छ हरेक क्षणमा ।

आफ्नो लक्ष्यबार बिचलित् नभइ हिँडिरहे,
प्रेरणाले सफलता ल्याउँछ तिम्रो जीवनमा ।

# आफ्नै बासँग



**प्रोल्लास सिन्धुलीय**

आधा उमेर छिचोलिसकेपछि
आधा कपाल सेताम्य भइसकेपछि
आज मलाई बिलकुलै बच्चा हुने मन छ
अनि, बच्चै बनेर सोध्न मन छ आफ्नै बासँग–
"जसको घोडाको टापले
घरीघरी कुल्चिनुको त्राससँग तर्सिएर
पुर्ख्यौली पहिचान छाडेर
सिर्फ टपरी 'ट' च्याप्दै
भाग्दैभाग्दै
आएका थियौँ हामी यो कन्काई बगरमा
तिनै रैथाने 'र' को भुसतिघ्रे नाति
किन उल्टै
सरापिरहेछ हामीलाई अचेल ?"

एकसरो जिन्दगी पनि
कत्ति सस्तोमा किनिएछ कोनि !
यो धमिलो पानी
घरीघरी अँगेनोमा पस्छ
अनि, जिन्दगीको आगो निभाइरहन्छ !

यो कन्काईको बगरमा
'सुन' खोज्न आएका थियौँ भने
हरेक वर्ष
'लु' को तातो हावामा सुकेर
किन मरिरहेछ हाम्रो बचेखुचेको अस्तित्व ?

उतिबेलै
खान पाएको भए ठूल्ठूला हड्डीको सूप
ती नङ्ग्रे हड्डीहरू पनि बलिया हुँदा हुन्
उसबेलै
गर्न पाएको भए सुनको व्यापार
अहिले लसुनको भाउमा
सीप बेच्नु पक्कै पर्दैनथ्यो !

आफ्ना लागि हतियार
आफैँ बनाउन सकेनन्
त के गरून् !
आफ्नो आङ छोप्ने लुगा
आफैँ सिलाउन जानेनन् त के गरून् !
आफैँले कहिल्यै बुझ्न नसकेको
अड्बाङ्गे शास्त्रबाहेकका किताब
पढ्नै पाएनन् त के गरून् !
काट्टो नखाई
पेटभरि खानै दिएनन् त के गरून् !

जात
किन सधैँ जन्मजात हुन्छ ?
बाहिरबाटै गन्न सकिने
बाको शरीरको
हड्डीजस्तै त छ यो समाजको करङ !
बाको अनुहारका
किरिङमिरिङ नीला
नशाजस्तै त छन् यी गरिबीका रेखाहरू !
जातै बनाउनु छ भने
किन हुँदैन–
गरिबीको रेखामुनिको एउटा जात ?
त्यसमाथिको अर्को जात
त्यो भन्दा झन् माथिको अर्को जात ?

अझ झन्-झन् माथिको अर्को जात ?

'माथिल्लो जात'को सुनजस्तो जलप लगाएर
यो राज्यजस्तो बगरमा लसुन रोपिरहेछौँ
'उच्चपदस्थ' पगरी गुथेर
मरन्च्याँसे गाईको गोबर सोहोरिरहेछौँ
यदि साँच्चैका धूर्त हौँ भने
यतिसारो दयाको पात्र बनेर
सिदाको टपरी
किन टक्टक्याइरहेछौँ हामी अझै ?

यो अराजक समयलाई साक्षी राखेर
केही सोध्न फिटिक्कै मन छैन राज्यसँग !

सोध्नु छ आफ्नै निरीह बासँग–
ए बा !
कसरी बनाउने होला
गरिबीको रेखामुनिका
कन्दने 'क'हरूको अलग्गै अस्तित्व ?
कसले ल्याउला
दयनीय भान्से 'भ'हरूको अर्कै वाद ?
कहाँ पाइएला
मरन्च्याँसे चुच्चे 'च'हरूलाई आरक्षण ?

भन न बा !
किन हुन सक्दैन
हामीजस्ता टपरे 'ट'हरूको पहिचान ?

## बुबा आमा



**मनिका न्यौपाने**
**बि.एड. प्रथम वर्ष**

म छोरी भए पनि राम्रो संस्कार दिनुभयो,
बुबा आमा ।

छोरीले गलत बाटो रोज्छ जे भति चिन्ता नगरन,
बुबा आमा ।

हजुरहरुको इच्छा, चाहाना बुझेको छु मैले निरास नहुनु,
बुबा आमा ।

मैले स्वर्गको आनन्द पाएको छु हजुरको साथमा,
बुबा आमा ।

दुःख के हो बुझेको छु मैले एक दिन सफल हुनेछु,
बुबा आमा ।

दुनियाको सामु त्यो शिरलाई उच्च बनाउने छु,
बुबा आमा ।

गुमाएको त्यो सुख र शान्तिलाई फर्काएर ल्याउने छु,
बुबा आमा ।

# मेरो बाल्यकाल



**सविन न्योपाने**
**लेखा कर्मचारी**
**ज्ञान ज्योति सामुदायिक क्याम्पस**

मेरो जन्म चम्पादेवी गाउँपालिका-६ ओखल्ढुङ्गामा रहेको सुन्दर गाउँ घोराखोरीमा भएको हो । गाउँघरमा बिताएको बाल्यवस्था साँच्चै नै अवर्णनीय खुसीले भरिएको हुन्छ । अहिले सम्झँदा पनि मन फुरुङ्ग हुन्छ । मेरो बाल्यकाल पनि त्यस्तै रमाइलो थियो ।

हाम्रो घर वरपर खेत बारिहरू थिए । बिहान उठ्नेबित्तिकै साथीहरूसँग दौडादौड सुरु हुन्थ्यो । कसैको घरको आँगनमा लुकामारी खेल्थ्यौं त कहिले खोलाको किनारमा पौडी खेल्न जान्थ्यौं ।

वर्षायाममा त झनै मजा आउँथ्यो । हिलोमा लडिबुडी गर्दै खेल्ने, छाता ओढेर पानीमा रुझ्दै हिँड्ने, अनि कागजको डुङ्गा बनाएर खोलामा बगाउने । त्यो समयको स्वतन्त्रता र खुसी अहिले पनि याद आउँछ ।

हामी रुखहरूमा चढ्थ्यौं । अम्बा, सुन्तला, आरु, आडुबखडा, ऐसेलु र खनिम पाकेको बेला त रुख नै हाम्रो घर जस्तो हुन्थ्यो । काँडा भएको हाँगामा चढेर फल टिप्दाको डर र उत्साह दुवै गजबको हुन्थ्यो । कहिले काहीँ त लडेर सानो चोट पनि लाग्थ्यो तर त्यसको वास्ता नगरी फेरि खेल्न थालिहाल्थ्यौं ।

दिउँसो चर्को घाममा हामी गुच्चा खेल्थ्यौं, चुङ्गी, डण्डीबियो हान्थ्यौं, र मोजाको भकुन्डो बनाएर खेलथ्यौं । साथिलाई हराएर आफुले जित्दा खुशिले कराएको आवाज अहिले पनि कानमा गुन्जिन्छ ।

साँझ परेपछि हजुरबा आमाले कथा सुनाउनु हुन्थ्यो । परीका कथा, भूतका कथा, र राजा (रानीका कथा सुनेर हामी मन्त्रमुग्ध हुन्थ्यौं । कहिलेकाहीँ डर पनि लाग्थ्यो तर कथा सुन्न छोड्दैनथ्यौं ।

गाउँका चाडपर्वहरू त झनै विशेष हुन्थे । दशैंमा पिङ खेल्ने, नयाँ लुगा लगाउने, र मीठा खानेकुरा खाने । मामाघर टिका लगाएर आसिरवाद थापिनथ्यो । तिहारमा देउसीभैलो खेल्दै गाउँभरि घुम्ने र दक्षिणा उठाउने । ती दिनहरूको खुसी छुट्टै थियो ।

बिजुली नभएको बेला टुकीको मधुरो उज्यालोमा बसेर परिवारसँग गफ गर्ने र आकाशमा ताराहरू गन्ने हाम्रो दैनिकी थियो । त्यो शान्त वातावरणमा एकअर्कासँग जोडिएको महसुस हुन्थ्यो ।

एक पटक हामी साथीहरू मिलेर गाउँ नजिकैको जंगलमा गएका थियौं । हाम्रो उद्देश्य थियो केही जंगली फलफूल खोज्ने र नयाँ ठाउँ घुम्ने । हामी सानो समूह बनाएर पातलो बाटो हुँदै जंगलभित्र पस्यौं । सुरुमा त सबै कुरा शान्त र सुन्दर थियो । अग्ला (अग्ला रुखहरू, चराहरूको चिरबिर आवाज, र जमिनमा झरेका रंगीन पातहरूले मनै लोभ्याउँथ्यो ।

हामी फलफूल खोज्दै अलि भित्र पुगेपछि एउटा अचम्मको घटना भयो । हामीले एउटा सानो खोला भेट्यौं र त्यसको छेउमा केही अनौठा जनावरका पाइलाहरू देख्यौं । हामी सबैजना एकछिन त डरायौं

तर उत्सुकताले हामीलाई अगाडि बढ्न प्रेरित गर्‍यो । हामी बिस्तारै पाइला पछ्याउँदै गयौं । झाडीमा लुकेको एउटा सानो चराको बच्चा भेट्यौं । त्यो भर्खरै जन्मेको जस्तो थियो र एक्लै डराइरहेको थियो ।

हामीलाई त्यो चराको बच्चा देखेर धेरै माया लाग्यो । हामीले त्यसलाई समातेर केही बेर खेलायौं । त्यस पछि हामीले त्यसकी आमालाई खोज्ने प्रयास गयौं तर भेटेनौं । हामीले त्यसलाई घर लिएर जाने निर्णय गयौं ।

घर पुगेपछि हामीले हजुरआमालाई सबै कुरा सुनायौं । हजुरआमाले हामीलाई गाली गर्नुभएन बरु त्यो सानो चराको बच्चाको स्याहार गर्न सिकाउनु भयो । हामीले केही दिनसम्म त्यसलाई दूध चारो र पानी दियौं । त्यो चराको बच्चा पनि हामी सँग घुलमिल भइसकेको थियो ।

तर एकदिन बिहान हामीले त्यो चराको बच्चालाई पिँजरामा भेटेनौं । सायद राति उसकी आमा आएर लिएर गएकी थिइन हामीलाई केही दुस्ख लाग्यो तर फेरि खुसी पनि लाग्यो कि त्यो आफ्नो आमासँग पुग्यो । त्यो जंगलको यात्रा र चराको बच्चासँगको हाम्रो छोटो समयको मित्रता सधैं मेरो मनमा ताजै रहनेछ ।

त्यस्तै अर्को रमाइलो सम्झना भनेको गाउँमा धान रोप्ने बेलाको हो । असारको महिनामा हिलो खेतमा काम गर्न निकै गाह्रो हुन्थ्यो तर हामी बच्चाहरूको लागि त्यो एउटा खेलजस्तै थियो । हामी सिनित्तै हिलोमा डुबुल्की मार्दै बाउसे खेल्ने मान्छेहरूलाई सघाउथ्यौं । कहिले काहीँ त हिलोमा लडेर पुरै भिजे को पनि याद छ । तर त्यो हिलोमा खेल्दाको मजा अहिले सम्झँदा पनि हाँसो आउँछ ।

धान रोपिसकेपछि खेतमा पानी भरिन्थ्यो र त्यो हाम्रो लागि ठूलो पोखरी जस्तै बन्थ्यो । हामी त्यसमा पौडी खेल्थ्यौं र माछा समात्ने प्रयास गर्थ्यौं । साँझ परेपछि थकित भएर घर फर्किंदा शरीरभरि हिलो लागेको हुन्थ्यो तर मन भने खुसीले भरिएको हुन्थ्यो । गाउँघरको जीवन साच्चै नै अद्भुत थियो ।

मोबाइल र इन्टरनेट नभएको त्यो समयमा हाम्रो संसार सानो थियो तर खुसीहरू विशाल थिए । साथीहरू सँगको अटुट सम्बन्ध, प्रकृति सँगको प्रत्यक्ष साक्षात्कार, र परिवारको न्यानो माया नै हाम्रो बाल्यवस्थाको अमूल्य सम्पति थियो । हरेक दिन नयाँ अनुभव र खुसीहरूले भरिएको हुन्थ्यो । ती साधारण दिनहरू नै मेरो जीवनका अनमोल सम्झनाहरू हुन । अहिलेको व्यस्त जीवनमा त्यो गाउँले बाल्यवस्थाको याद आई रहन्छ ।

***

# किशोरावस्थामा हुने परिवर्तन (शारीरिक, मानसिक, भावनात्मक, सामाजिक)



**मोहनबहादुर थापा**
**सामाजिक विषय शिक्षक**
**ज्ञान प्रकाश मा.वि.,घोराखोरी**

## भूमिका

किशोरवरथा मलाले बाल्यवस्था, यौवनावस्था र प्रौढावस्था वीचको समय हो। यो वेला व्यक्तिलमा धेरै प्रकारका परिवर्तन देखाण्डे त्यी महये शारीरिक, मानसिक, भावानालक, सामाजिक परिवर्तनलाई प्रमुख मानिन्छ । यसरी आओ परिवर्तनलाई सही ढंगली बुझ्न नसक्दा उनीहरु डराउने, आत्ति गरेको घटनाहरु हामीले सुने गरेका छौ। यसरी, हामीले समयमै किशोरकिशोरीलाई किशोरावस्थामा आउने परिवर्तन सामान्य रस्वभाविक हो भन्ने कुराको अनुभूति र जमकारी गराएको खण्डमा धेरै समस्या समाधान हुन सक्छन त्यसको लागि केही उद्देश्य लिनु पर्छ।

## उद्देश्यः

(क) किशोरावस्थाको परिचय गराउने,
(ख) किशोरावस्थामा आउने शारीरिक, मानसिक भावानात्मक र सामाजिक परिवर्तन को सूचि वनाईदिनु,
(ग) किशोरावस्थाका भाग र आवश्यकताको चर्चा गर्नु ।

## किशोरावस्थाको परिचयः

- विश्व स्वास्थ्य संगठनका अनुसार १० देखि १९ वर्ष उमेर समूहका वाल वच्चालाई किशोरावस्था भनिन्छ ।
- यो अवस्था वाल्यावस्थाबाट प्रौढावस्या प्रवेश गर्ने भएकाले यसलाई आधिबेहरी व संक्रमण कालको अवस्था भनिन्छ ।
- किशोरावस्था प्रयोग गरेपछि शरीरमा आउने विभिन्न परिवर्तनहरु हार्मोनको कारणले भएको हो। यो वेलामा पट्युटरी ग्रन्थीले खासगरी हुई प्रकारका हार्मोन पैदा गर्छ। एक खालको हार्मोनले शरीरको वृद्धि गराउँछ । त्यसलाई ग्रोथ हर्मोनले भनिन्छ । अका थरी हार्मोनले प्रजनन अंगहरुमा रहेका ग्रन्थीलाई उत्तेजित पार्दछ। जसलाई गोनाडोट्रोफिक हार्मोन भनिन्छ।
- केटीहरु १२ देखि १४ वर्षको उमेरमा प्रारंभिक कीशोरावस्था प्रवेश गर्छन भने केटाहरु १४ देखि १६ वर्षको उमेरमा किशोरावस्था प्रवेश गर्दछन । यो केटाहरुको प्रारंभिक अवस्था हो । मध्य किशोरावस्थामा केटिहरु १५ देखि १६ वर्षकार उमेरमा प्रवेश गर्छन भने केटाहरू १७ वर्ष देखि १८ वर्षको उमेरमा यस अवस्थामा यस अवस्थामा प्रवेश गर्दछन्। पूर्ण किशोरावस्थामा केटी र केटाहरू दुवैले परिपक्वता प्राप्त गरि सकेका हुन्छन्। यस अस अवस्थामा केटीहरु १८ वर्षदेखि २० वर्ष उमेर

हुँदा सम प्रवेश गरीसकेका हुन्हुन् भने केटाहरु १९ देखि २० वर्षको उमेरदेखि पूर्ण किशोरावस्थामा प्रवेश गर्छन । तसर्थ सामायतया १० देखि १९ वर्षको अवधिलाई नै किशोरावस्था भनिन्छ ।

**किशोरावस्थामा आउने परिवर्तनहरु कटामा देखिन शारीरिक परिवर्तनः**

- स्वरमा परिवर्तन आउनु वा घोद्रो हुनु,
- लिंग वा आडकोषको आकारमा वृद्धि हुनु,
- शुक्रकीटको उत्पादन शुरु हुनु,
- मुखमा दाह्री तथा जुगाको रेखीहरु देखापर्नु, र जनेन्द्रिय वरिपरी र कोखीमुनी रौंहरु आउन सुरुगर्नु,
- हस्तमैथुन गर्नु वा गर्न मन लाग्नु,
- स्वप्नदोष त्या स्वश्खलन हुनु,
- छातीको चौडाई हुनु,
- शरीर सुसंगठित हुदै जानु र पसिना आउने क्रममा वृद्धि हुनु तथा अर्को किसिमको गन्ध आउनु,
- छालामा खस्रोपन, विमिरा र दागहरु देखापर्नु,
- डण्डीफोर आउनु ।

**केटीमा देखिने शारीरिक परिवर्तन**

- महिनावारी वा रजस्वला हुनु,
- स्तन बढ्दै जानु,
- जनेद्रियको आकारमा वृद्धि हुनु,
- डिम्बहरुको उत्पादन शुरु हुनु,
- शरीरको उचाई तथा वजनमा वृद्धि हुनु,
- शरीर सुसंगठित र पुस्ट हुदै जानु
- काखीमुनी र जनेद्रियको आसपास रौ उम्रन शुरु हुनु,
- पसिना आउने क्रम शुरु हुनु र गन्धमा परिवर्तन आउनु,
- छालामा खस्रोपन, विमिरा र दागहरु देखापर्नु,
- डण्डिफोर आउनु ।

**किशोरावस्थाका केटाकेटीमा देखापर्ने मानसिक परिवर्तन**

- आफूभन्दा ठूलावडाले भनेको नमान्ने,
- एकान्तमा बस्न मन पराउने,
- काल्पनिक र रोमाञ्चक पुस्तकहरू पठन मन पराउने,
- विभिन्न किसिमले विपरित लिंगीलाई आकर्षण गर्ने कार्य मा अग्रसर हुने,
- लाजको भावना विकसित हुने,
- एक्कासी तनावमा आएर अप्रिय निर्णय गर्ने,
- बढी रिसाउने तथा झर्कने ।

## उनीहरुमा आउने भावमात्मक परिवर्तन

- शारिरीक परिवर्तनले गर्दा लाज माने,
- आफ्नो व्यक्तिगत पहिचानको खोजी गर्ने,
- समाजमा प्रचलित चालचलन चालचलन, र घरका, सामान्य व्यवहार प्रति प्रश्न गर्ने र विद्रोह गर्ने प्रवृति पनि देखा पर्ने,
- शारीरिक रुपमा आफू आकार्षक, बलियो तथा सक्षम हुन चाहने,
- आफ्ना उमेरका साथी भाईप्रति लगाव बढ़ने,
- आदर्श नायक वा व्यक्तिप्रति समर्षण वा लगाव बढ्ने,
- अमूर्त भावनाहरु, तर्क गर्ने प्रकृतिको विकास,
- आदर्शका कुराबाट बढी प्रभावित हुने र दैनिक व्यवहारका कुरा प्रति विद्रोह प्रदर्शन गर्ने,
- आफै निर्णय गर्ने आत्मविश्वासको कमी हुने र अरुले गरेको निर्णय पनि स्वीकार गर्न नसक्ने,
- अल्छी लाग्ने, सुतिरहन मन लाग्ने, एकान्तमा बस्न मन लाग्नेजस्ता प्रकृतिहरु देखापर्ने,
- कौतुहल र जिज्ञासा बढ्ने,
- यौन भावनाले कुण्ठित र असुरक्षित महसूस गर्ने,
- हस्तमैथुन गर्न इच्छा हुने,

## उनीहरुमा हुने सामाजिक परिवर्तन

- मित्रता गास्ने, मिल्ने साथीहरुको समूह बढ़ाउने,
- समूह प्रति उत्तरदायी हुने,
- अभिभावक भन्दा दौतरी प्रति इमानदार रहने,
- सामाजिक कार्यमा सक्रिय बन्ने, नेतृत्व खोज्ने,
- खेलकूद, मनोरंजन र अन्य सामाजिक कार्यमा सहभागि वन्ने ।

## किशोरावस्थाका आवश्यकता

- यौन सम्पर्कलाई ढिलाई गर्ने सीप र उत्प्रेरणा,
- यौन रोग र एच.आई.भी. को सङ्क्रमण तथा अनिच्छित गर्भबाट बच्न यथेष्ठ सूचना र अस्थायी परिवार नियोजनका साधनहरुको ज्ञान,
- खतरापूर्ण र असुरक्षित यौन व्यवहारमा परिर्वतन गर्न परामर्श सेवा,
- ढीलोगरी विवाह गर्न, गर्भवति नहुन, जमान्तर बढाउन चाहिने जानकारी र सीप हासिल गर्ने,
- गर्म रहेका बेला जौच गराउन बच्चालाई पोषणयुक्त खाना र स्तनपान गराउन जानकारी,
- सुत्केरी गराउन र सुत्केरी भईसकेपछि चाहिने आवश्यक सहयोग र सेवा बारे जानकारी,
- यौन दुराचार, दुर्व्यवहार र जबरजस्ती करणी रोक्न चाहिने आवश्यक कानुनी सहयोग ।

शुरुमा उही उमेरका किशोरभन्दा किशोरीहरुमा उचाई अलि बढी देखिन्छ तापनि किशोरीको उचाइमा वृद्धि हुने कम रजस्वला वा महिनावारी भूरु भएपछि बिस्तारै घट्दै जाने भएको किशोरको उचाइको वृद्धिमा क्रम मन्द किसिमले उन्नाइस २० वर्षसम्म हुनाले परिपक्क हुँदासम्म केटी भन्दा केटाहरुको उचाई बढी हुन्छ ।

**निष्कर्ष:** अभिभावकहरुले माथीका किशोर-किशोरीका सम्पूर्ण परिवर्तनलाई ध्यानमा राखी व्यवहार गरेमा आफ्ना बालबच्चाले सही मार्गदर्शन प्राप्त गर्नेछन् भन्ने कुरामा हेक्का राखे घर स्वर्ग बन्दछ ।

***

---

# याद जन्मभूमिको



लोक राज ढुंगाना

राडी र पाखी त्यो हरियाली फूलको झैँ छ थुङ्गा,
तीन नं. पूर्वी पहाडको स्वर्ग त्यो ओखलढुङ्गा ।
सिद्धिका गाथा, व्याकुलका गीत गुञ्जिन्छन् पाखामा,
इन्द्रेणी रङ्ग झैँ बासस्थान थियो नेपाली आँखामा । (१)

सगर पायो त्यो रुम्जाटारको टोपीले माथमा,
ककनी चम्पा आशिष दिन्छिन् शान्तिको साथमा ।
पोकली अनि रातमाटे गाउँछन् सुसेली बरर,
डाँफे र मुनाल हिउँ सेतै देख्दा चाँदि झैँ सरर । (२)

बासना लिनुस् यहाँको माटो इतिहास भन्दछ,
देशभक्ति माथि आहुती दिने शहिदको गन्ध छ ।
मोलुङ्ग र ठोट्ने कलकल बगी पर्यटक बोलाउँछन्,
जरायोटार र रामपुर फाँट हेर्दा सबैको मन टोलाउँछन् । (३)

रमाउला सँगै बुकीफूल अनि लालीका थुङ्गामा,
बिर्सेको छैन सपना बन्या त्यहि ओखलढुङ्गामा ।
सिद्धिलाई साथ दिनको निम्ती यहि एउटा कलम छ,
दुनियाँ बचाई प्राण छोडिदिने सहिदलाई सलाम छ । (४)

टाढा छु आज जननीबाट सकिन रहन,
आउनेछु मोलुङ्ग लडाई खेल्दै सँगसँगै बहन ।
सपनामा पनि तिम्रो नै स्त्रोत म आज गाउँदै छु,
पर्खेर बस है ! जन्मभूमि म फर्की आउँदै छु । (५)

# बुख्याचा देशप्रेम



**विरेन्द्र ग्याबा तामाङ**
**चम्पादेवी-५, ओखलढुङ्गा**
**अध्यक्ष, सर्जक चौतारी,**
**ओखलढुङ्गा**

यूग र समयको माग भनौ या नियति
आक्रोशको पुल्ठा समायौ,
चोरी औला आफ्नै घरतिर सोझ्याउदै
आफ्नै घरमा आगो लगायौ,
र
घाँटीका नशाहरु फुलाउदै
ठूलो स्वरमा नारा लगायौ-देशप्रेम जिन्दावाद ...!

दाईले भाईलाई हान्यो
दिदीले बहिनीको कपाल लुछिन
कलिला कञ्चट ताकेर ट्रिगर दवायौ
आफ्नै पाले पहरेदारलाई ढुङगा उचाल्यौ
र
फेरि भन्यौ-नेपाली एकता जिन्दावाद, देश प्रेम जिन्दावाद...!

आफ्नै घर जलेर बनेको फुङग खरानी माथि
रगत लतपतिएको मरूभूमीमा
कसरी उम्रियो देश प्रेम...?
खै म त कहि देख्दिन मातृभूमि प्रतिको लगाव
कहि भेटदिन माटोप्रतिको अघाद माया ।

घरहरु जले
सम्पदाहरु जले
कदापी जल्दै नजल्नु पर्नेहरु जले
तर
जल्नै पर्ने घमण्ड, डाहा, रिस, क्रोध, अहङकार, हुङकार जलेनन...!
फुङग खरानी माथि रोपिएको रक्तबिजहरु
खै कहाँ उम्रियो-देशप्रेम भएर
खै कहाँ उदाए-आशा र संभावनाका रश्मि स्वरुप
खै कहाँ छ पल्लवित-खुसी...?
अनि
फेरि भन्दै छौ-देश प्रेम जिन्दावाद...!
म त मात् देख्छु-बुख्याचा देशप्रेम...!

# साहित्य सिर्जनामा मानव र एआइ बीचको प्रतिस्पर्धाले समग्र नेपाली साहित्यमा पार्ने प्रभाव



**नबराज घिमिरे**
**नेपाली विषय अध्यापक**
**ज्ञान ज्योति सामुदायिक क्याम्पस, घोराखोरी**

## १. भूमिका

साहित्य मानव सभ्यताको आत्मा हो । हाम्रा सुख, दु:ख, सपना, संघर्ष आदि सबै शब्दमा ढालेर एक पुस्ताले अर्को पुस्तालाई दिने काम साहित्यले गर्दछ । भानुभक्त आचार्यदेखि लक्ष्मीप्रसाद देवकोटासम्म, बिपीदेखि पारिजातसम्म नेपाली साहित्यको यो समृद्ध यात्रा मानवीय अनुभव र संवेदनाले भरिएको छ । तर अहिले कृत्रिम बुद्धिमत्ता वा एआइ एउटा नयाँ खेलाडीको रूपमा मैदानमा आइसकेको छ। च्याटजिपिटी, क्लाउड, जेमिनी जस्ता उपकरणहरूले अहिले कविता लेख्ने, कथा सुनाउने, उपन्यासको मस्यौदा तयार पार्ने जस्ता अनेकौं काम गर्न सक्छन् । यस्तो अवस्थामा स्वाभाविक रूपमा प्रश्न उठ्छ कि के एआइले साहित्यिक क्षेत्रमा मानव लेखकलाई विस्थापित गर्न सक्छ ? के एआइले लेखेको साहित्य 'वास्तविक साहित्य' हो ? नेपाली साहित्यमा यसले के कस्तो प्रभाव पार्छ ? यी र यस्ता प्रश्नहरूको उत्तर खोज्नु आजको समयको अत्यन्त जरुरी र महत्वपूर्ण काम हो । नेपालमा पनि विस्तारै एआइ उपकरणहरूको प्रयोग बढ्दै गएको छ। नेपाली भाषामा लेखिने ब्लगपोस्ट, सामाजिक सञ्जालका पोस्ट, यहाँसम्म कि कविता र कथाहरू पनि एआइको सहायताले लेखिन थालेका छन् । यस परिवर्तनशील परिवेशमा नेपाली साहित्यको भविष्य कस्तो होला भन्ने बुझ्न यो लेख तयार गरिएको हो ।

## २. एआइ र साहित्यको सम्बन्ध साथै ऐतिहासिक पृष्ठभूमि

कम्प्युटरले भाषा प्रशोधन गर्न सक्छ भन्ने कुरा सन् १९५० को दशकदेखि नै अनुसन्धानकर्ताहरूले बुझ्न थालेका थिए। ट्युरिङ टेस्टले नै यो प्रश्न उठाएको थियो कि के मेसिन मान्छे जस्तै सोच्न सक्छ ? तर व्यावहारिक स्तरमा एआइले साहित्यिक सिर्जनामा प्रवेश पाउन भने सन् २०१५ को पछि मात्र सम्भव भयो । सन् २०१७ मा ट्रान्सफर्मर आर्किटेक्चर आएपछि भाषा मोडेलहरूको क्षमता अत्यन्त बढ्यो । न्एत्-३, न्एत्-४ र पछिका मोडेलहरूले साहित्यिक ढाँचामा पनि उल्लेखनीय लेखन उत्पादन गर्न थाले । विश्वभरका भाषाहरूमा यसको प्रभाव देखिन थाल्यो । तर नेपाली जस्ता कम स्रोत भएका भाषाहरूमा यो प्रभाव केही ढिलो आयो । नेपाली भाषामा एआइको क्षमता अझै सीमित छ तर यो सीमा हरेक वर्ष घट्दो छ ।

### २.१ नेपालमा एआइको आगमन र साहित्यिक प्रयोग

नेपालमा एआइको प्रयोग मुख्यतः सन् २०२३ पछि व्यापक रूपमा बढेको देखिन्छ । च्याटजिपिटीको नेपाली भाषामा प्रयोग शुरू भएपछि धेरै नेपाली लेखक, विद्यार्थी र पत्रकारले यसको उपयोग गर्न थाले ।

नेपाली ब्लगहरूमा, पत्रपत्रिकाका अनलाइन संस्करणहरूमा र सामाजिक सञ्जालमा एआइ-साहित्यिक लेखन देखिन थाल्यो । केही लेखकहरूले एआइलाई उपकरणको रूपमा प्रयोग गर्दै मौलिक सिर्जना गर्न थाले भने केहीले एआइ उत्पादित सामग्रीलाई आफ्नो नाममा प्रकाशित गर्ने प्रवृत्ति पनि देखियो ।

## ३. मानव र एआइ बीचको प्रतिस्पर्धाको स्वरूप

मानव र एआइ बीचको प्रतिस्पर्धा भन्ने शब्द नै विचारणीय छ । वास्तवमा के यो प्रतिस्पर्धा हो ? कि यो सहकार्य हो ? वा विस्थापन हो ? यसलाई बुझ्न हामीले दुवैका शक्ति र कमजोरीहरू छुट्टाछुट्टै विश्लेषण गर्नु पर्ने हुन्छ ।

*३.१ एआइका क्षमताहरू*

एआइले साहित्यिक सिर्जनामा केही उल्लेखनीय काम गर्न सक्छ । पहिलो यसले अत्यन्त छिटो लेख्न सक्छ । एउटा कविता लेख्न मानव लेखकलाई घण्टौं लाग्न सक्छ तर एआइले सेकेन्डभित्र लेख्न सक्छ । दोस्रो यसले विभिन्न शैली र ढाँचामा लेख्न सक्छ, जस्तैः माधवप्रसाद घिमिरेको परिष्कार र स्वच्छन्दतावादी शैलीमा, भीमनिधि तिवारीको व्यङ्ग्य शैलीमा । तेस्रो एआइ थाक्दैन, निराश हुँदैन र लेखक अवरोध (WriterÚs Block) अनुभव गर्दैन ।

नेपाली साहित्यको सन्दर्भमा एआइले अहिले कविताका चार पंक्ति, सामान्य कथाको ढाँचा, निबन्धको खाका तयार पार्न सक्षम भइसकेको छ । नेपाली भाषाको व्याकरण र छन्दशास्त्र पनि एआइले क्रमशः सिक्दै छ । अझ भनौं एआइले नेपालको भूगोल, संस्कृति, चाडपर्वका बारेमा भएका तथ्यात्मक जानकारीहरू समेटेर सामग्री उत्पादन पनि गर्न सक्छ ।

३.२ एआइका सीमाहरू र कमजोरीहरू

एआइका गम्भीर सीमाहरू पनि छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा एआइले अनुभव गर्दैन । लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' लेख्दा आफूले भोगेका दुःख, पिडा, विछोड साथै नेपाली समाजको यथार्थतालाई पनि उनले अनुभूत गरेका छन् । त्यो अनुभवजन्य सत्यता उतार्न एआइ असमर्थ छ । एआइ लाखौं पुस्तकबाट सिक्छ तर आफ्नो जीवन बाँच्दैन ।

यसबाहेक नेपाली समाजको स्थानीय सन्दर्भ, जस्तैः सल्यानको ग्रामीण जीवन, तेह्रथुमको किराँत संस्कृति, काठमाडौं गल्लीको राजनीति साथै उखान जस्ता सूक्ष्म सांस्कृतिक तत्त्वहरू एआइले सम्पूर्ण रूपमा बुझ्न र व्यक्त गर्न कठिन छ । नेपाली साहित्यको एउटा विशेषता नै यसको स्थानीय जराहरूमा छ तर त्यो जरा एआइमा छैन ।

३.३ मानव लेखकका विशेषताहरू

मानव लेखकले लेख्नु भनेको केवल शब्द जोड्नु होइन, जीवनको साक्षी बन्नु पनि हो । नेपाली कथाकार विजय मल्लले आफ्नो कथामा जुन काठमाडौं उतारे त्यो उनका ती गल्लीहरूमा हिँडेका खुट्टाहरूको स्मृति थियो । रमेश विकलका कविताहरूमा जुन बेदना छ त्यो उनले बाँचेको इतिहास हो । मानव

लेखकसँग भावनात्मक गहिराइ, सांस्कृतिक पहिचान र व्यक्तिगत दृष्टिकोण हुन्छ जुन साहित्यलाई जीवित बनाउने तत्त्व हुन् ।

## ४. नेपाली साहित्यमा पार्ने प्रभावहरू

४.१ सकारात्मक प्रभावहरू

एआइको आगमनले नेपाली साहित्यमा केही सकारात्मक परिवर्तन पनि ल्याउन सक्छ । पहिलो यसले नयाँ लेखकहरूलाई प्रोत्साहन गर्छ । जो लेख्न चाहन्छन् तर कहाँबाट शुरू गर्ने थाहा छैन उनीहरूले एआइलाई शुरुआती लेखनको लागि प्रयोग गरेर आफ्नो सिर्जना सुरु गर्न सक्छन् । यो एउटा साहित्यिक पहरेदार जस्तै हो जसले प्रारम्भमा सहायता गर्छ र पछि आफैं हिँड्ने बनाउछ ।

दोस्रो अनुवाद क्षेत्रमा एआइले ठूलो सहयोग गर्न सक्छ । नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन गुणस्तरीय अनुवाद चाहिन्छ । एआइ अनुवाद उपकरणहरूले नेपाली साहित्यको अनुवादलाई द्रुत बनाउन र पहुँच विस्तार गर्न मद्दत गर्न सक्छन् ।

तेस्रो लोक साहित्य संरक्षणमा एआइ उपयोगी हुन सक्छ । नेपालका विभिन्न जातजाति, भाषासमूहका लोकगीत, लोककथा र मौखिक परम्पराहरूलाई डिजिटल रूपमा संरक्षण गर्न एआइ प्रविधि सहायक हुनसक्छ ।

चौथो नेपाली भाषाको विकासका लागि एआइ उपयोगी हुन सक्छ । नेपाली व्याकरण, शब्दकोश र भाषिक अनुसन्धानका क्षेत्रमा एआइ उपकरणहरूले अत्यन्त महत्त्वपूर्ण योगदान दिन सक्छन् । नेपाली भाषाका डिजिटल स्रोतहरू बढाउनु पनि साहित्यिक विकासको एउटा पाटो हो ।

४.२ नकारात्मक र चिन्ताजनक प्रभावहरू

यसका नकारात्मक पक्षहरू बढी गम्भीर र तत्काल ध्यान दिनुपर्ने खालका छन् । सबैभन्दा ठूलो खतरा भनेको साहित्यिक जालसाजी (Literary Fraud) हो । नेपालमा नै यस्ता मुद्दाहरू आउन थालेका छन् जहाँ एआइले लेखेको कविता वा कथा लेखकले आफ्नो नाममा प्रकाशित गरेको पाइएको छ । यसले मौलिकता माथि नै प्रश्न उठाएको छ ।

दोस्रो चिन्ता साहित्यको सतहीकरण । एआइले उत्पादन गर्ने साहित्य प्रायः सुरक्षित हुन्छ । यसमा जोखिम हुँदैन, विद्रोह हुँदैन र असहज सत्य हुँदैन । तर महान साहित्य प्रायः असहजताबाट जन्मन्छ । पारिजातको 'शिरिषको फूल' वा गोविन्दबहादुर मल्लका रचनाहरूमा जुन सामाजिक आलोचना छ त्यो एआइले उत्पादन गर्न गाह्रो छ ।

तेस्रो आर्थिक प्रभावलाई लिन सकिन्छ । यदि प्रकाशकहरू र पत्रिकाहरूले एआइ उत्पादित सामग्री कम मूल्यमा लिन थाले भने मानव लेखकहरूको जीविकाको आधार सङ्कुचित हुन्छ । नेपालमा पहिले नै लेखनबाट जीविका चलाउन गाह्रो छ । एआइको प्रतिस्पर्धाले यो अझ कठिन बन्न सक्छ ।

चौथो बौद्धिक सम्पत्ति (Intellectual Property) को प्रश्न हो । एआइ मोडेलहरू मानवले लेखेका लाखौं रचनाहरूबाट तालिम पाएका हुन्छन् । यदि एआइले यी लेखकहरूको शैली नक्कल गर्छ तर उनीहरूलाई कुनै श्रेय वा स्रोतका रुपमा पनि उल्लेख गर्दैन भने त्यति बेला ठूलो नैतिक प्रश्न उब्जन्छ । नेपाली प्रकाशन कानून यस सन्दर्भमा अझै अपर्याप्त छ ।

## ५. सांस्कृतिक पहिचान र एआइको चुनौती

नेपाली साहित्यको एउटा विशेष शक्ति यसको बहुसांस्कृतिक आधार हो । नेवारी संस्कृतिको बौद्ध-हिन्दू मिश्रण, किराँत समुदायको मुन्धुम परम्परा, थारू जनजातिको प्रकृति-केन्द्रित विश्वदृष्टि, तमाङ जातिको सांस्कृतिक आख्यान जस्ता कुराले नेपाली साहित्यलाई गहिरो र विविधतापूर्ण बनाउँछन् । एआइका लागि यो विविधता बुझ्न र सम्मान गर्न अत्यन्त कठिन छ । किनभने एआइ मोडेलहरूमा अंग्रेजी र अन्य प्रमुख भाषाका सामग्रीको आधिपत्य छ । नेपाली भाषा अनि झन् कम बोलिने जनजातिका भाषाका साहित्यिक परम्पराहरूले यी मोडेलहरूमा पर्याप्त प्रतिनिधित्व र स्थान पाउँदैनन् । यसले एआइ उत्पादित  नेपाली साहित्यमा एउटा सांस्कृतिक रिक्तता सिर्जना गर्न सक्छ, जस्तैः यदि एआइले तिहारको बारेमा कविता लेख्छ, त्यसमा दियो, देउसी-भैलो र सेलरोटीको उल्लेख होला तर त्यो कविताले तिहारको रातको वातावरण परम्परागत सल्लाको दाउराको सुगन्ध, छिमेकीको आँगनमा दीपमाला, नातागोता भेट्दाको उत्साह जस्ता भावनात्मक सत्यता व्यक्त गर्न कति सक्षम होला ? यो प्रश्नको उत्तर अहिलेसम्म अनुत्तरित नै छ ।

## ६. साहित्यिक गुणस्तर र मूल्याङ्कनको प्रश्न

साहित्यको परम्परागत परिभाषामा साथै नेपाली परम्परामा  लेखकको आत्मीयता, भोगेको जीवन र व्यक्त गरिएको सत्यता जस्ता कुराहरू अनिवार्य तत्त्व मानिन्छन् । यस सन्दर्भमा एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ, के हामीले एआइ-उत्पादित साहित्यलाई साहित्य भन्न सकिन्छ ?

केही विद्वानहरू भन्छन्- यदि एआइ-उत्पादित कृतिले पाठकलाई भावुक बनाउँछ, सोच्न बाध्य पार्छ र सौन्दर्यबोध गराउँछ भने त्यसलाई साहित्य नभन्ने कुनै कारण छैन । तर अर्को पक्षले भन्छ- साहित्य केवल उत्पादन होइन, यो एउटा संवाद हो, जसमा लेखक र पाठकबीचको आत्मीय संवाद हुन्छ । जब लेखक नै छैन, केवल एल्गोरिदम छ भने त्यस्तो संवाद आत्मीय संवाद बन्न सम्भव छ र ? नेपाली साहित्यिक समालोचनाको क्षेत्रमा यस विषयमा अझ गहन बहस हुन जरुरी छ । नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाली साहित्य परिषद् साथै विभिन्न साहित्यिक संस्थाहरूले यस विषयमा नीतिगत अडान लिनु आवश्यक भइसकेको छ । साहित्यिक पुरस्कारका मापदण्डहरू पुनर्विचार गर्नु पर्छ । के एआइ-साहित्यिक रचनाहरू प्रतिस्पर्धामा आउन पाउने ?  यसका स्पष्ट मापदण्ड तय गर्नु जरुरी छ ।

## ७. भविष्यका सम्भावनाहरू र मार्गहरू

७.१ सहकार्यको मार्ग

सबैभन्दा व्यावहारिक र आशावादी दृष्टिकोण भनेको प्रतिस्पर्धाभन्दा सहकार्यको मार्ग हो । एआइलाई शत्रु नमानेर उपकरण मानौं, जस्तैः फोटोग्राफीको आगमनले चित्रकलालाई सिद्ध्याएन बरु चित्रकारहरूले थप अमूर्त र भावनात्मक दिशातर्फ लागे । एआइको आगमनले पनि मानव लेखकहरूलाई थप गहिराइ र मौलिकताका क्षेत्रमा लैजान सक्छ ।

नेपाली लेखकहरूले एआइलाई पहिलो मस्यौदा तयार पार्न, शब्दकोश खोज्न, व्याकरण जाँच्न वा अनुसन्धानका लागि प्रयोग गरेर आफ्नो मौलिक सिर्जनालाई थप निखार्न सक्छन् । यो मानव प्रतिभा र यान्त्रिक दक्षताको संगम हो ।

७.२ नेपाली एआइ साहित्यिक उपकरणहरूको विकास

नेपालका प्रविधि विशेषज्ञहरू र साहित्यकारहरूले मिलेर नेपाली भाषा र साहित्यको सन्दर्भमा विशेष एआइ उपकरणहरू विकास गर्नु पर्छ । अहिलेका अन्तर्राष्ट्रिय एआइ मोडेलहरू नेपाली साहित्यिक परम्परालाई गहिरोसँग बुझ्दैनन् । नेपाली भाषाको प्राकृतिक भाषा प्रशोधन (NLP) को क्षेत्रमा अनुसन्धान गर्ने केही नेपाली संस्थाहरू, जस्तैः पुल्चोक इन्जिनियरिङ क्याम्पस, काठमाडौं विश्वविद्यालय यस दिशामा काम गरिरहेका छन् । यो प्रयासलाई सरकारी र निजी दुवै तर्फबाट सहयोग गर्नु जरुरी छ ।

७.३ शिक्षा र नीतिको आवश्यकता

नेपालमा एआइ र साहित्यको सम्बन्धबारे सचेतना निकै कम छ । विद्यालय र विश्वविद्यालयमा यस विषयमा पाठ्यक्रम समावेश गर्ने, लेखक र प्रकाशकहरूका लागि एआइ साक्षरता कार्यक्रम चलाउने र सरकारी स्तरमा एआइ र बौद्धिक सम्पत्ति सम्बन्धी स्पष्ट नीति बनाउने जस्ता काम अत्यन्त आवश्यक छन् ।

## ८. नैतिक आयाम र दार्शनिक प्रश्नहरू

अन्तमा, यो बहस केवल प्रविधिको बहस होइन यो मानवताको बारेमा बहस हो । के साहित्य सिर्जना गर्ने क्षमता मानव हुनुको अनिवार्य हिस्सा हो ? यदि एआइ राम्रो साहित्य लेख्न सक्छ, त्यसले मानव लेखकको अस्तित्वको अर्थलाई चुनौती दिन्छ कि दिँदैन ? नेपाली दर्शनको दृष्टिकोणबाट विशेष गरी बौद्ध दर्शनको करुणा र मैत्री अवधारणाको अनुसार एआइसँगको सम्बन्ध डर र प्रतिरोधमा होइन, बोध र सहकार्यमा आधारित हुनु पर्छ । एआइ मायाले लेख्न, दुःखले रुन र जीवनको अनुभवबाट बुझ्न सक्दैन । त्यही नै मानव साहित्यको केन्द्र बनाउनु पर्छ । अर्कातिर, एआइले लेखेको कुरालाई पढ्ने मानव पाठकको अनुभव पनि विचार गर्नु पर्छ । यदि पाठकलाई थाहा छैन कि एआइले लेखेको हो तर उनी भावुक बने भने त्यो भावना झुटो हो र ? यी प्रश्नहरू सरल छैनन् तर पनि यस्ता प्रश्नको सामना गर्नैपर्छ ।

## ९. निष्कर्ष

साहित्य सिर्जनामा मानव र एआइ बीचको प्रतिस्पर्धा एक जटिल र बहुआयामिक विषय हो । यसको सरल उत्तर एआइ राम्रो वा एआइ खराब छैन भन्ने नै हो । नेपाली साहित्य सिर्जनाका सन्दर्भमा हेर्दा यस प्रतिस्पर्धाले अवसर र खतरा दुबै ल्याएको छ । अवसर यो हो कि एआइले नेपाली साहित्यको पहुँच बढाउन, अनुवाद सहज बनाउन, नयाँ लेखकहरूलाई उत्साहित गर्न र लोक साहित्य संरक्षण गर्न मद्दत गर्न सक्छ । त्यस्तै यसका खतराहरूमा साहित्यिक मौलिकताको ह्रास, आर्थिक विस्थापन, सांस्कृतिक सतहीकरण र नैतिक प्रश्नहरू आदि देखिन्छन् । तर एउटा कुरा स्पष्ट छ कि नेपाली साहित्यको आत्मा यसको मानवीय जरामा छ । भानुभक्तले रामायण नेपाली जनताको मुटुसम्म पुऱ्याउन नेपाली भाषामा उतारेका थिए । त्यो एउटा मानवीय निर्णय थियो, एउटा सांस्कृतिक दृष्टि थियो । त्यस्तै दृष्टि, त्यस्तै निर्णय र त्यस्तै प्रतिबद्धता आउने दिनमा पनि नेपाली लेखकहरूसँग हुनु जरुरी छ ।

एआइ एउटा शक्तिशाली उपकरण हो तर साहित्य केवल उपकरणको परिणाम होइन । यो मानव हृदयको आवाज हो । जबसम्म नेपाली मानिसहरूसँग अनुभव छ, भावना छ र त्यसलाई व्यक्त गर्ने चाहना छ भने नेपाली साहित्य जीवित रहिरहनेछ, चाहे एआइ जति नै शक्तिशाली किन नहोस् ।

## सन्दर्भसूची


पौडेल, गोविन्दराज. (२०७८). नेपाली साहित्यको इतिहास. साझा प्रकाशन, काठमाडौं।

पराजुली, कृष्णप्रसाद. (२०७९). डिजिटल युगमा नेपाली भाषा र साहित्य. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, सरस्वती. (२०८०). प्रविधि र मानवीयताः साहित्यिक सन्दर्भ. साहित्यपोस्ट।

Sharma, D. (2023). Low-Resource NLP for Nepali Language: Challenges and Opportunities. NLP Nepal Conference Proceedings.

Thirunavukarasu, A. J., et al. (2023). Large Language Models in Medicine. Nature Medicine.

Zhao, W. X., et al. (2023). A Survey of Large Language Models. arXiv:2303.18223.


***

# नेपाल राजनैतिक दलहरूको मूल्याङ्कनका आधारहरू



**मिनराज पौडेल**
**उप-प्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय**

### विषय प्रवेश

नेपाल एकीकरण पश्चात् पनि नेपालमा प्रजातान्त्रिक तथा गणतान्त्रिक आन्दोलनहरु थुप्रै भए । नेपालमा भएका ठूला राजनैतिक आन्दोलनहरुमा राणा शासन विरुद्धको आन्दोलन (२००७), पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन (२०४६) र सक्रिय राजतन्त्र विरुद्धको आन्दोलन (२०६२/६३) हुन् । वि.सं. २०६५ जेठ १५ मा संविधान सभाको पहिलो बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो र २०४ वर्से राजतन्त्रको अन्त्य हुनपग्यो (भूसाल, २०२४) । वर्तमान संघीय व्यवस्थाको सफल कार्यान्वयन गरी देशको तिब्र आर्थिक विकासको अभिलाशा नेपाली जनतामा उच्च रहेको देखिन्छ । तर संघीय लोकतान्त्रीक संविधान कार्यान्वयन भएको एक दशक वितिसक्दा पनि सरकारका तीन तहको बीचमा शक्तिसम्बन्धको स्पष्टतामा सीमितता देखिन्छ । नयाँ व्यवस्थाको सुरुवाती चरणमा यस्तो अवस्थाको सृजना भएता पनि एक दशकसम्म रहिरहनु स्वभाविक मानिदैंन (Nalbo, 2019) । २०७२ को नयाँ संविधान जारी भए पश्चात् तीन तहका सरकारका लागि दुईवटा निर्वाचनहरु सम्पन्न भएका छन् । यस बीचमा संघ र प्रदेश सरकारको फेरबदलका लागि दलहरुबीच प्रतिस्पर्धा नै चलेको देखिन्छ । यस्तो राजनैतिक अस्थिरताका कारण भष्ट्राचार नियन्त्रण, सुशासन र रोजगारी सृजनामा सुधारको सट्टा भयावहतर्फ उन्मुख हुनुले आम नेपालीमा निराशा र आक्रोश भावको संकलन भइरहेको थियो । यसैबीचमा भष्ट्राचार नियन्त्रण, सुशासनको प्रत्याभूति र सामाजिक संजालको सुचारुको माग गर्दै नयाँ पुस्ता वा युवा पुस्ता वा जेन्जी पुस्ताले आव्हान गरेको शान्तिपूर्ण आन्दोनमा भएको घुसपैठले देशमा ठूलो जनधनको क्षति गर्दै अन्तत् तत्कालिन सरकार र संसदको बिघटन हुन पुग्यो । फलस्वरुप संसदको कार्यावधि २ वर्ष बाँकी रहदै २०८२ फागुन २१ मा सम्पन्न हुनगरी पुनः संघीय संसदको निर्वाचनको घोषणा हुनपुग्यो । उक्त निर्वाचनमा भागलिएका नयाँ तथा पुराना दलहरुले आगामी पाँच वर्षका लागि देश विकासका आ-आफ्ना खाकाहरु प्रस्तुत गरेका छन् । आगामी पाँच वर्षसम्म जुनजुन दलले शासन गर्नेछन् ती दलहरुका बाचाहरु आगामी पाँच वर्षसम्म नेपाली जनताको दिमागमा ताजा रहनु अनिवार्य छ । त्यसैले यस लेखमा वर्तमान समयका प्रमुख दलहरु वा शासन गर्ने सम्भावित दलहरुका घोषणापत्रहरु वा सम्झौतापत्रहरुको समिक्षा प्रस्तुत गरिएको छ ।

### घोषणापत्रहरु वा सम्झौतापत्रहरुको समिक्षा

राजनैतिक दलहरुले नेपाली जनतासामु मतमाग्ने क्रममा आगामि पाँच वर्षमा आफ्नो दलले गर्नसक्ने कामहरुको विवरण प्रस्तुत गरेका छन् । त्यही विवरणलाई विभिन्न नाम जस्तैः प्रस्तावपत्र, प्रतिज्ञापत्र, प्रतिवद्धतापत्र, घोषणापत्र, सम्झौतापत्र आदि दिइएको छ । वर्तमान समयको नेपाली जनमतको मनोविज्ञानलाई हेर्दा आगामी सरकारमा जानसक्ने सम्भावना भएका दलहरु नेपाल कम्युनिष्ट पार्टी

(एमाले), नेपाली कांग्रेस (नेकां), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), श्रम संस्कृती पार्टी (श्रसंपा) र उज्यालो नेपाल पार्टी (उनेपा) हुन भन्न सकिन्छ। ती दलहरुको मूल्याङ्कनका लागि केही सुचकहरुको प्रयोग गरिएको छ । ती सुचकहरु संविधान, शासन, शासकीय स्वरूप र निर्वाचन प्रणाली, परराष्ट्र नीति, आर्थिक विकास र वृद्धि, गरिबी निवारण, शिक्षा र स्वास्थ्य सेवा, रोजगारी र युवा बेरोजगारी, कर्जा तथा बीमा सुविधा, सडक, बिजुली र खानेपानी, सुशासन र भ्रष्टाचार नियन्त्रण, वैदेशिक रोजगार र अन्य कार्यक्रमहरु हुन् । यसको समिक्षा यस प्रकार छ ।

## संविधान प्रतिको दृष्टिकोण

नेकपा (एमाले): संघीय लोकतान्त्रिक गणतन्त्र र २०७२ को संविधानको संरक्षण गर्ने र राष्ट्रिय सहमतिका आधारमा संविधानको कार्यान्वयनमा देखिएका जटिलता हटाउन संशोधन गर्ने । नेकां: २०७२ को संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको पूर्ण संरक्षण र कार्यान्वयन गर्ने, राष्ट्रिय सहमतिका आधारमा आवश्यक संशोधन गर्ने र संघीयतालाई जगैदेखि बलियो बनाउने । नेकपा: संविधानमा रहेका संघीय लोकतान्त्रिक गणतन्त्रका सकारात्मक पक्षको रक्षा गर्ने र नेपाली विशेषताको वैज्ञानिक समाजवाद निर्माणका लागि परिमार्जन र संशोधन गर्ने । रास्वपा: वर्तमान संविधानको संशोधन र पुनर्लेखन गर्ने । राप्रपा: देशको वर्तमान अन्योलको निकासका लागि वर्तमान संविधानको पूर्ण संशोधन गर्ने । जसपा: वर्तमान संविधानलाई अपूर्ण भएकाले यसलाई सर्वस्वीकार्य बनाउन पहिचान र सामर्थ्यका आधारमा पुनर्लेखन गर्न एक उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गर्ने । श्रसंपा: संविधानको वारेमा स्पष्ट विचार अगाडी सारेको देखिदैंन । उनेपा: संविधानलाई नागरिकमैत्री बनाउन परिमार्जन गर्ने ।

## शासकीय स्वरूप र निर्वाचन प्रणाली

नेकपा (एमाले): शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप शासकीय स्वरुपलाई अवलम्बन गर्ने, अदालतको भवन पुनर्निर्माण गर्ने, न्याय सम्पादनमा हुने ढिलासुस्ती हटाई एक वर्षभित्र मुद्दा फर्स्यौट गर्ने र संसदलाई जनउत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। आवधिक निर्वाचनमार्फत जनमतलाई सम्मान गर्ने र कम खर्चिलो बनाउन कानुनी व्यवस्था मिलाउने । नेपाली कांग्रेस: मतपत्रमा माथिका कोही पनि होइन (Non of the above-NOTA) को प्रावधान राख्ने, काम नगर्ने प्रतिनिधिलाई फिर्ता बोलाउन पाउने (राइट टु रिकल) को कानुनी व्यवस्था गर्ने । केन्द्रमा १५ र प्रदेशमा बढीमा ७ सदस्यीय सानो मन्त्रिमण्डल बनाउने । संवैधानिक निकायमा हुने राजनीतिक नियुक्ति अन्त्य गरी योग्यताका आधारमा नियुक्ति गर्ने । नेकपा: खर्चिलो निर्वाचन प्रणालीलाई परिवर्तन गरी सरल बनाउने र शासकीय स्वरूपमा आमूल परिवर्तन गरी शक्ति सन्तुलन कायम गर्ने । सांसदहरूको संख्या २५ प्रतिशतले घटाउने, मन्त्रिमण्डललाई सानो आकारको बनाउने र न्याय सम्पादनलाई छिटो र पारदर्शी बनाउन डिजिटल प्रणाली लागू गर्ने । रास्वपा: पूर्ण समानुपातिक संसद्, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख प्रधानमन्त्री हुने, गैरदलीय मन्त्रीमण्डल, र न्यायपालिकामा मेरिटोक्रेसी लागु गर्ने । राप्रपा:

अभिभावकीय राजसंस्था, केन्द्रीय र गैरदलीय स्थानीय तह, प्रदेश तहको खारेजी, दुई कार्यकालको व्यवस्था, न्यायपालिकाको पुर्नसंरचना र वर्तमान निर्वाचन प्रणालीमा व्यापक परिवर्तन गर्ने । जसपाः पहिचानमा आधारित संघीयता र समावेशी लोकतन्त्रलाई संस्थागत गर्ने, न्यायपालिकाको पुर्नसंरचना गर्ने, निशुल्क कानुनी सहायता उपलब्ध गराउने, समानुपातिक र समावेशीकरण निर्वाचन प्रणाली कायम गर्ने । श्रसंपाः प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुने, दुई कार्यकाल, केन्द्रमा दुई र प्रदेशमा एक सदनात्मक व्यवस्थापिका, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, संघीय र प्रादेशिक न्यायालय, र भ्रष्टाचार तथा राष्ट्रिय मुद्दाहरूका लागि राष्ट्रिय न्यायालयको व्यवस्था गर्ने । उनेपाः संवैधानिक राष्ट्रपति, विज्ञतामा आधारित मन्त्रिपरिषद्, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री, गैरसांसद प्रदेश मन्त्री हुनसक्ने, प्रतिनिधि सभा २०१, प्रदेश सभा ३३०, जिल्ला संरचनाको खारेजी, न्यायालयका मुद्दाहरू ३ वर्षभित्र शून्यमा झार्ने र न्यायाधीशहरूको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गर्ने ।

## परराष्ट्र नीति

नेकपा (एमाले): सबैसँग मित्रता, कसैसँग छैन शत्रुता भन्ने मूल मन्त्रलाई आत्मसात गर्ने, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त र राष्ट्रिय हितमा आधारित नीति अवलम्बन गर्ने । नेकांः सबैसँग मित्रता, सार्वभौम समानता, असंलग्नता र संयुक्त राष्ट्रसंघको बडापत्रमा आधारित नीति र राष्ट्रिय हित तथ आर्थिक कूटनीतिलाई प्राथमिकता दिने । नेकपाः स्वतन्त्र नेपाल, सन्तुलित कूटनीति, असंलग्न परराष्ट्र नीति, सार्वभौम समानता र राष्ट्रिय हितलाई प्राथमिकता दिने । रास्वपाः सन्तुलित परराष्ट्र सम्बन्ध, असंलग्नताको सिद्धान्त, राष्ट्रिय हित र सार्वभौमिकतालाई केन्द्रमा राख्ने । राप्रपाः नेपाल र नेपाली प्रथम, असंलग्नता र पञ्चशीलको सिद्धान्त, र पुराना असमान सन्धि-सम्झौताहरूको खारेज गर्ने । जसपाः नेपालको राष्ट्रिय सुरक्षा, अखण्डता र स्वाधीनतालाई सर्वोपरि, असंलग्नता र पञ्चशीलका सिद्धान्त, र राष्ट्रिय हितलाई प्राथमिकता दिने । श्रसंपाः असंलग्न परराष्ट्र नीति, छिमेकीहरूसँग असल सम्बन्ध, र नेपालको भूमि वा आकाश कुनै पनि विदेशी शक्तिलाई प्रयोग गर्न नदिने । उनेपाः सार्वभौमसत्ता र अखण्डतालाई जोगाउँदै असंलग्नता र पञ्चशीलका आधारमा छिमेकी र अन्य मित्रराष्ट्रहरूसँग सन्तुलित सम्बन्ध राख्ने र राष्ट्रिय हितमा नभएका सन्धि-सम्झौताहरूको पुनरावलोकन गर्ने ।

## आर्थिक विकास र वृद्धि

नेकपा (एमाले): आर्थिक वृद्धिदर वार्षिक ७.५ देखि ९.५ प्रतिशत पुऱ्याउने र अर्थतन्त्रको आकार १०० खर्ब (५ वर्षमा) र २०० खर्ब (१० वर्षमा) पुऱ्याउने, प्रतिव्यक्ति आय ५ वर्षभित्र ३,००० अमेरिकी डलर पुऱ्याउने । नेकांः आगामी ५ वर्षलाई आर्थिक पुनरुत्थानको अर्धदशक घोषणा गर्दै वार्षिक १०.५ भन्दा बढीको आर्थिक वृद्धिदर हासिल गर्ने, ५ वर्षभित्र अर्थतन्त्रको आकार ११५ अर्ब डलर (करीव रु. १७० खर्ब) पुऱ्याउने, प्रतिव्यक्ति आय ५ वर्षभित्र २,५०० अमेरिकी डलर पुऱ्याउने । नेकपाः आर्थिक वृद्धि आगामी ५ वर्षभित्र १० प्रतिशतभन्दा माथिको (दोहोरो अंकको) कायम गर्ने । रास्वपाः वार्षिक औसत ७ प्रतिशतको स्थिर आर्थिक वृद्धिदर, आगामी ५ वर्षभित्र अर्थतन्त्रको आकार १०० अर्ब डलर (करीव

